नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण श्रोत पुस्तिका



२०८०

स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाको अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणको बुझाइमा ज्ञान अभिवृद्धि गराउने उदेश्यले यो श्रोत पुस्तिका निर्माण गरिएको हो । यस पुस्तिका युएसएआइडी तयार नेपालको आर्थिक सहयोग र अतुल्य फाउन्डेशनको प्राविधिक सहयोगमा तयार पारिएको हो ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

## शुभकामना

नेपाल भौगोगिक विविधताले भरिएको मुलुक हो। नेपाल भौगोलिक विविधतासँगै बहु प्रकोप जोखिममा पनि रहेको छ। विपद्को समयमा सबैभन्दा बढी अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, रोगी, जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला तथा बालबालिका बढी प्रभावित हुन्छन्। नेपाल मात्र होइन विश्व भरि नै अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा सरकार, गैरसरकारी तथा निजी क्षेत्रको अग्रसरतामा विभिन्न कार्य भइरहेका छन्। नेपालमा हुने विपद्को जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न स्थानीय सरकारबाट भएका पहलहरु र त्यसलाई अझ सुदृढ गर्न भएका प्रयासहरु सह्रानीय छन् यद्यपि यस क्षेत्रमा अझ धेरै कार्य गर्न बाँकी रहेको छ।

सेन्डाई ढाँचामा आधारित भएर नेपालमा सरकारी, गैरसरकारी र निजी क्षेत्रको संयुक्त प्रयासमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्य हुँदै आएको छ। विपद्को सवालमा अपाङ्गता भएका व्यक्तिहरुले अन्य व्यक्तिको तुलनामा थप पूर्वतयारी गर्नुपर्ने, विपद्को समयमा बढी क्षती व्यहोर्नुपर्ने तथा विपद् पश्चातको सामाजिक, आर्थिक पुनर्लाभ तथा पुनर्स्थापनाको कार्यमा थप जटिलता हुने हुँदा अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष प्राथमकितामा राखि संघ, प्रदेश र स्थानीय तहले आफ्नो योजना तथा बजेट तर्जुमा प्रक्रियामा समावेश गर्नु पर्दछ।

प्रस्तुत अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण स्रोत पुस्तिका स्थानीय तहहरुका आवधिक योजना, वार्षिक बजेट तथा नीति कार्यक्रममा अपाङ्गताका सवालहरुको मुलप्रवाहीकरण गर्न तथा विपद्को योजना तर्जुमा र कार्यान्वयन गर्न महत्वपूर्ण हुनेछ। यसले विपद् पूर्व, विपद्को अवस्थामा र विपद् पश्चात गर्नुपर्ने न्यूनतम विषयहरुको ज्ञान दिलाउनेछ साथै यस श्रोत पुस्तिकाले यस क्षेत्र सँग सरोकार राख्ने विभिन्न सरोकारवाला निकाय तथा समाजका अन्य क्षेत्र र वर्गका जनतामा विपद् जोखिमको सचेतना वृद्धि गरि विपद् उत्थानशिल नेपाल निर्माणमा सहयोग पुऱ्याउने बिश्वास छ।

अन्त्यमा, प्रस्तुत स्रोत पुस्तिका प्रकाशनको क्रमभा प्रत्यक्ष र परोक्ष रूपमा संलग्न हुने व्यक्ति, संस्था विशेष गरि अतुल्य फाउण्डेशन, युएसएआइडी तयार नेपाल प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु।

धन्यवाद।

अनिता देवी

मन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| १.१ | परिचय | १ |
| १.२ | अपाङ्गताका मोडेलहरू: परोपकारदेखि अधिकारमा आधारित अवधारणा | २ |
| १.३ | अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणमा भएका प्रयासहरू | ३ |
| १.४ | संस्थागत व्यवस्था | ४ |
| १.५. | आवधिक योजना, बार्षिक बजेट तथा विपद् जोखिम न्यूनीकरण योजनाहरूमा अपाङ्गताको मूलप्रवाहीकरण | ६ |
| १.६. | सहयोग र साझेदारी | ८ |
| १.७. | पहुँचयुक्त पूर्वाधार | ८ |
| १.८. | समावेशी पुर्वसुचना प्रणालीहरू: | ११ |
| १.९. | अपाङ्गता सम्बन्धी तथ्यांक सङ्कलन | ११ |
| २. | श्रोत पुस्तिका | १२ |
| २.१ | पृष्ठभूमि | १२ |
| ३. | अपाङ्गताको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा कार्यढाँचाहरू | १४ |
| ३.१ | नेपालमा अपाङ्गताको सम्बन्धमा विद्यमान राष्ट्रिय कानून र नीतिहरू | १४ |
| ३.२ | अपाङ्गताको विषयमा अन्तर्राष्ट्रिय र क्षेत्रीय कार्यढाँचाहरू | १७ |
| ४. | अपाङ्गता बारे बुझाई | २१ |
| ४.१ | अपाङ्गताको परिभाषा | २१ |
| ४.२ | नेपालमा अपाङ्गताको अवस्था: एक झलक | २१ |
| ४.३. | अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रयोग गरिने भाषा | २२ |
| ४.४ | अपाङ्गताका प्रकारहरू | २५ |

४.५ अपाङ्गता भएका व्यक्तिहरूको अवरोधकहरू २८
४.६ अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताहरू २९
५. अपाङ्गता र विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ३१
५.१. प्रकोप र यसका प्रकारहरू ३१
५.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको परिचय ३२
५.३. अपाङ्गता भएका व्यक्तिहरूलाई विपद्ले पार्ने प्रभावहरू ३४
५.४. विपद्को परिस्थितीमा अपाङ्गता ३६
५.५. विपद् र आपत्कालिन कार्य ढाँचाहरू तथा अपाङ्गताको सवालमा तिनीहरूको सान्दर्भिकता ३७

खण्ड ख ४४
६. स्थानीय तहको आपतकालीन योजना तर्जुमामा अपाङ्गता भएका व्यक्तिहरूको सम्बोधन ४४
६.१. आपतकालीन योजना तर्जुमा ४४
७. बहुप्रकोपका जोखिमहरूबाट बच्न अपाङ्गता भएका व्यक्तिहरूका लागि स्थानीय तह तथा अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूले गर्नुपर्ने पूर्वतयारी ५०
७.१. भूकम्प ५०
७.२. महामारी ५४
७.३. आगलागी ५७
७.४. बाढी तथा डुबान ६०
७.५. पहिरो ६४
७.६ स्थानीय तहको भूमिका ६७
८. वासस्थान तथा सञ्चार सम्बन्धी आपतकालीन योजना ६९
८.१. बासस्थान सेवा तथा साधनहरूको पहुँचमा उत्पन्न हुनसक्ने बाधा अड्चनहरू र समाधानका उपायहरू ७०
अनुसुचीहरू ७२–८८
सन्दर्भ सामग्री ८९

# खण्ड क

# १. पृष्ठभूमि

## १.१ परिचय

प्राकृतिक तथा मानव सिर्जित विपद्का घटनामा अपाङ्गता भएका व्यक्तिहरू अन्य व्यक्तिहरूको तुलनामा बढी जोखिममा पर्ने गर्दछन् । साथै विपद्को कारण अपाङ्गता भएका व्यक्तिहरूको संख्यामा बढोत्तरी हुन सक्ने सम्भावना रहन्छ । त्यसमा पनि विशेषगरी पूर्ण र अति अशक्त अपाङ्गता भएका महिला, बालबालिका र ज्येष्ठ नागरिकहरू यस्ता विपद्को बेलामा बढी जोखिममा पर्दछन् । त्यसैले त्यस्ता व्यक्तिलाई केन्द्रविन्दुमा राखेर विपद् जोखिमबाट हुने क्षतिबाट जोगाउन पूर्वतयारी गर्नु पर्दछ ।

नेपालमा वि.सं. २०७२ साल वैशाख १२ गते आएको ७.६ रेक्टर स्केलको भूकम्पमा परी घाइते भएका व्यक्तिहरू मध्ये ४५० जना मेरूदण्डको चोटका कारण घाइते भए, १,१०० जनाले हात वा खुट्टा गुमाएर अपाङ्गता हुन पुगेका छन् । उक्त भुकम्पमा परि मृत्यु भएका ८८९६[१] मध्ये अपाङ्गता भएका ११ जना व्यक्तिको मृत्यु भएको अभिलेख रहेको छ ।

जापानमा सन् २०११ मा आएको सुनामीका कारण, अपाङ्गता भएका व्यक्तिहरूको मृत्युदर अन्यको तुलनामा दोब्बर रहेको थियो । त्यसले के देखाउँछ भने जापान जस्तो विकसित देशमा समेत अपाङ्गता भएका व्यक्तिहरू विपद्को समयमा बढी प्रभावित हुने रहेछन् । यसैगरी कोभिड-१९ को महामारीको समयमा सामान्य मानिसहरू समेत दूरी कायम गरेर हिँड्नुपर्ने, बाहिर निस्कन नपाइने लगायतका धेरै नियमहरू राज्यले बनाएको थियो । त्यस्तो अवस्थामा अपाङ्गता भएका

---

*१ नेपाल विपद् प्रतिवेदन, २०१५ गृह मन्त्रालय, पृष्ठ १८*

व्यक्तिहरू अझ बढी प्रभावित भएका थिए । अपाङ्गता भएका व्यक्तिहरू सहायक विना हिँडडुल गर्न नसक्ने र कतिपय अवस्थामा उनीहरूले निरन्तर रूपमा प्रयोग गर्ने औषधीहरू समयमा नपाउँदा अपाङ्गता भएका व्यक्तिहरू बढी प्रभावित भएका थिए ।

विपद्को जोखिमबाट सुरक्षित रहन अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिको तुलनामा थप पूर्वतयारी गर्नुपर्ने तथ्यलाई मनन् गर्दै यस्ता व्यक्तिहरूको जोखिम न्युनीकरणका लागि तयार गरिएको अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण समबन्धी जानकारीमूलक हाते पुस्तिकाको बिषयवस्तुलाई अझ धेरै सरोकारवालाहरू माझ प्रभावकारी रूपमा पुऱ्याउँदै यसमा उल्लेख गरिएका कुराहरू पालना गर्दा विपद्का कारण र विपद्को अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई पुग्न जाने क्षतिलाई न्यूनीकरण गर्न सकिने कुरालाई विस्तारित रूपमा बुझाउन सकिने छ भन्ने विश्वास गरिएको छ । साथै नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको हुँदा आगामी दिनहरूमा हुने विपद्हरू नयाँ किसिमका हुन सक्ने भएको कारणले त्यसको बारेमा छलफल चलाउँदै अगाडि बढ्नु पर्ने देखिन्छ ।

## १.२ अपाङ्गताका मोडेलहरूः परोपकारदेखि अधिकारमा आधारित अवधारणा

अपाङ्गताका बारे विभिन्न तरिकाबाट बुझ्नमा मद्दत गर्ने अपाङ्गताका चारवटा मोडेलहरू रहेका छन् । पहिलो परोपकार र दया मार्फत अपाङ्गता भएका मानिसहरूलाई मद्दत गर्नमा केन्द्रित रहेको परोपकारी मोडेल हो । दोश्रो मोडेल अपाङ्गता भएकाहरूलाई निको गराउन उपचार गर्नुपर्ने स्वास्थ्य समस्याहरूको रूपमा हेर्ने चिकित्सा मोडेल हो । त्यसपछि अपाङ्गता हाम्रो शरीरमा मात्र होइन तर समाज कसरी बनेको छ  भन्ने कुरामा पनि हुन्छ भन्ने सामाजिक मोडेल रहेको छ । यो मोडेल सबैलाई समावेश गर्न समाज परिवर्तन गर्नुपर्छ भन्ने कुरामा विश्वास गर्दछ ।

अन्तमा, अपाङ्गता भएका व्यक्तिहरूको अरू सबै जस्तै समान अधिकारहरू छन् र उनीहरूलाई मर्यादा र सम्मानका साथ व्यवहार गर्नुपर्छ भन्ने अधिकारमा आधारित मोडेल रहेको छ । यी मोडेलहरूले हामीलाई अपाङ्गता बारे सोच्न र

हामी कसरी संसारलाई सबैका लागि थप समावेशी बनाउन सक्छौं भन्ने कुरामा मद्दत गर्छ ।

## १.३ अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणमा भएका प्रयासहरू

नेपाल सरकारले अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण पहललाई प्रवर्धन गर्नमा नीतिगत रूपमा महत्वपूर्ण प्रगति गरेको छ । सरकारद्वारा गरिएका केहि कानूनी तथा नीतिगत प्रयासहरूः

१. **कानूनी तथा नीतिगत व्यवस्था**

- नेपालको संविधान
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- जनस्वास्थ्य सेवा ऐन –२०७५
- समाज कल्याण ऐन, २०४९
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- सामाजिक सुरक्षा सम्बन्धी ऐन, २०७५,
- बाल संरक्षण ऐन, २०४८,
- बालबालिकासँग सम्बन्धित ऐनहरू, २०७५,
- निजामति सेवा ऐन, २०४९,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी नियमावली, २०७७
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
- विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९
- अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा छुट वा सहुलियत सम्बन्धि कार्यविधि, २०६३
- अपाङ्गता भएका व्यक्तिको आवासीय पुर्नस्थापना केन्द्र सञ्चालन कार्यविधि, २०७९

- अपाङ्गता सम्बन्धी सुचना तथा सहयोगी कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०७१
- अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५
- अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत उपलब्ध गराउने अनुदान सम्बन्धी नमुना कार्यविधि २०७५
- प्रदेशमा ज्येष्ठ नागरिक तथा अपाङ्गता नागरिक ग्राम स्थापना तथा सञ्चालनको लागि प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६
- अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७
- अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन कार्यविधि, २०७८
- विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय नीति, २०७५
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- राष्ट्रिय स्वास्थ्य नीति -२०७६
- विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति (२०१८-२०३०)
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- स्वास्थ्य सेवाको पहुँच बाहिर परेकाहरूलाई समेट्ने राष्ट्रिय रणनीति २०७३-२०८८
- नेपाल राष्ट्रिय भवन संहिता एन.बि.सी. १०५ : २०७७
- १५ औं आवधिक योजना
- राष्ट्रिय अनुकूलन योजना, (२०२१-२०५०)
- राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५
- दिगो विकासको लक्ष्य (२०१६-२०३०),
- सेन्डाई कार्यढाँचा (२०१५-२०३०)
- अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय नीति २०८०
- अपाङ्गता व्यवस्थापन (रोकथाम, उपचार तथा पुर्नस्थापनाा) नीति, रणनीति

तथा १० वर्षे कार्ययोजना-२०७३-२०८२

- हेरचाह सम्बन्धी आधारभूत तालिम सञ्चालन स्रोत पुस्तिका, २०८०
- अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुर्नस्थापनाकार्यक्रम सञ्चालन निर्देशिका, २०६८
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका २०६९
- प्रदेश स्तरमा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक सम्बन्धी सशर्त अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन -२०७७
- अपाङ्गता समावेशी स्वास्थ्य सेवाका लागि राष्ट्रिय निर्देशिका २०७६

## १.४. संस्थागत व्यवस्था

अपाङ्गताको सम्बन्धमा नेपाल सरकारबाट निर्माण भएका विभिन्न ऐन, कानून तथा नीतिलाई कार्यन्वयन गरी अपाङ्गताको सवाललाई उचित तवरले सम्बोधन गर्ने क्रममा तीनै तहको सरकारहरूले विभिन्न प्रकारका संस्थागत तथा संरचनागत व्यवस्थाहरू गरेको छ ।

**संघीय तहमा :**

- गृह मन्त्रालय
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय आपतिकालिन कार्य सञ्चालन केन्द्र
- विभिन्न तहको अस्पतालहरूमा स्थापना भएका सामाजिक सेवा इकाईहरू तथा पुर्नस्थापना केन्द्रहरू

**प्रदेश तहमा :**

- सामाजिक विकास महाशाखा, सामाजिक विकास मन्त्रालय
- प्रादेशिक कार्य सञ्चालन केन्द्र
- स्वास्थ्य निर्देशनालय
- प्रादेशिक तथा जिल्ला अस्पतालहरूमा स्थापना भएका फिजिओथेरापिक इकाईहरू
- स्वास्थ्य केन्द्रहरू

**स्थानीय तहमा :**

- गाउँ/नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिती
- स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र
- समुदाय स्तरीय पुर्नस्थापनाा केन्द्रहरू
- प्राथमिक स्वास्थ्य अस्पतालहरू
- स्वास्थ्य इकाईहरू

**संघ/संस्थाहरूः**

- राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
- राष्ट्र संघीय निकाय, दात्री तथा अन्तर्राष्ट्रिय संस्थाहरू
- राष्ट्रिय बहिरा महासंघ, नेपाल
- नेपाल नेत्रहिन संघ
- राष्ट्रिय शारीरिक अपाङ्गता महासंघ
- बौद्धिक अपाङ्गताका अभिभावक महासंघ
- अपाङ्गता भएका महिलाहरूको महासंघ, नेपाल
- नेपाल अपाङ्ग महिला संघ आदि

## १.५. आवधिक योजना, बार्षिक बजेट तथा विपद् जोखिम न्यूनीकरण योजनाहरूमा अपाङ्गताको मूलप्रवाहीकरणः

### क. पन्ध्रौ योजनामा अपाङ्गताः

नेपालले विपद्को समयमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच र समावेशीता सुनिश्चित गर्न राष्ट्रिय र स्थानीय विपद् जोखिम न्यूनीकरण योजनाहरूमा अपाङ्गता-विशेष कार्यहरू एकीकृत गर्ने प्रयास गरेको छ । संविधानले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाज निर्माण गर्ने संकल्प गर्दै राज्यले अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था गरेको छ । पन्ध्रौ योजनामा उल्लेख गरिएका अपाङ्गता सम्बन्धी रणनीति तथा कार्यनीतिहरूः

१. अपाङ्गता भएका व्यक्तिको हक-अधिकार संरक्षण गर्न नीति निर्माण तथा कानून पुनरावलोकन गर्ने ।
२. भौतिक संरचना अपाङ्ग मैत्री बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच, प्राप्ति र अवसरको सिर्जना गर्ने ।
३. अपाङ्गता भएका व्यक्तिका लागि सबै प्रकारको सुविधा सहितको पुर्नस्थापना सेवाको व्यवस्था गर्ने ।
४. सूचना, संचार तथा प्रविधिको सुविधा समेत अपाङ्गता भएको व्यक्तिको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था गर्ने ।
५. अपाङ्गता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र हिंसा अन्त्य गर्ने ।

### ख. नेपाल सरकारको वार्षिक बजेटमा अपाङ्गता

सार्वजनिक सेवालाई अपाङ्गमैत्री बनाउन, अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक सहायक सामाग्री वितरण गर्नका लागि, कोशी, लुम्बिनी र कर्णाली प्रदेशसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिको पुर्नस्थापनाको व्यवस्था मिलाउन बजेट छुट्याउनुका साथै पूर्ण अपाङ्गता र अति अशक्त अपाङ्गता भएको व्यक्तिहरूलाई

दिईंदै आएको सामाजिक सुरक्षा भत्ताको निरन्तरता दिने भनेर नेपाल सरकारको वार्षिक बजेटमा रकम विनियोजन गरिएको छ ।

## ग. प्रदेश स्तरीय आवधिक योजनाहरूमा अपाङ्गता

अपाङ्गता भएका व्यक्तिलाई सम्मानपुर्वक एवं स्वावलम्बी जीवनयापनका अवसर सिर्जना गर्ने लोककल्याणकारी राज्यको मान्यता हुन्छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि र नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ । यसै सन्दर्भमा नेपालको सातै प्रदेशहरूमा प्रदेश सरकारहरूले अपाङ्गताको सवालहरूलाई सम्बोधन गर्नका निमित्त अपाङ्गता भएका व्यक्ति सम्बन्धी नीति,कानून तथा मापदण्ड तर्जुमा, अपाङ्गता मैत्री भौतिक संरचना निर्माण, आवश्यकतामा आधारित सीपमुलक तालिम, निजि क्षेत्रमा रोजगारीको अवसर वृद्धि, सहायक सामाग्री उत्पादनको व्यवस्था, अपाङ्गता पुर्नस्थापना केन्द्रको स्थापना तथा स्तरोन्नति, अपाङ्गता भएका व्यक्तिहरूलाई गरिने विभिन्न प्रकारका हानिकारक अभ्यास तथा परम्परा,विभेद र हिंसा आदिको न्यूनीकरण, बहुअपाङ्गता भएका व्यक्तिहरूको लागि क्षमता अनुसारको रोजगारी प्रारम्भ गर्न अपाङ्गता आवासीय केन्द्र स्थापना तथा सञ्चालन, पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूका परिवारका लागि जीविकोपार्जन सहयोग जस्ता कार्यक्रमहरूलाई रणनीति तथा कार्यनीति मार्फत कार्यन्वयन गर्न आवधिक योजनामा समेटदै उक्त कार्यक्रमका लागि बजेटको समेत विनियोजन गरिएको छ ।

सबै जसो संघीय, प्रादेशिक तथा स्थानीय तहको विकास र आवधिक योजनाहरूमा अपाङ्गताको विषयलाई सामाजिक क्षेत्र अन्तर्गत राखी यसलाई विशुद्ध सामाजिक दृष्टिकोणले मात्र हेरिएको तथा व्याख्या गरिएकोले यसलाई विपद् व्यवस्थापनसँग जोड्न सकिएको देखिंदैन तसर्थ अब आगामी दिनहरूमा कसरी अपाङ्गताका सवालहरूलाई विपद्सँग जोड्न सकिन्छ भनेर सम्पूर्ण सरकारी तथा गैरसरकारी सरोकारवालाहरूसँग गहन छलफल गरी विद्यमान आवधिक योजनामा पनि सोहि अनुरूप परिमार्जन गर्नु पर्ने देखिन्छ ।

## १.६. सहयोग र साझेदारी:

- सरकारले अपाङ्गता भएका व्यक्तिहरूको सङ्गठन, गैर-सरकारी संस्थाहरू, निजी क्षेत्र र विकास साझेदारहरूसँग अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणको पहलहरूलाई बलियो बनाउन काम गरिरहेको छ ।

## १.७. पहुँचयुक्त पूर्वाधार:

- आपतकालीन अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्न विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक भवनहरू लगायतका पूर्वाधार निर्माण र पुनः निर्माण गर्ने केहि प्रयासहरू गरिएको ।
- नेपाल सरकारको स्विकृत भवन मापदण्ड अनुसार[२] :-
  १. व्हील चेयर पहुँचयुक्त सार्वजनिक शौचालय, अस्पताल, एटिएम काउन्टर आदिहरूमा व्हील चेयर १८० डिग्रीमा घुम्न सक्ने गरि १८०० एमएम परिधि हुन आवश्यक,
  २. न्युनतम पहुँचयुक्त हुनका लागि सबै सरकारी तथा अर्धसरकारी सार्वजनिक भवनहरूको प्लिन्थ एरिया १०० वर्ग मिटर भन्दा तल हुनु पर्ने,
  ३. आंशिक पहुँचयुक्त हुनका लागि सबै सरकारी तथा अर्धसरकारी सार्वजनिक भवनहरूको प्लिन्थ एरिया १०० वर्ग मिटर र ५०० वर्ग मिटर हुनु पर्ने,
  ४. शौचालयको सम्बन्धमा: व्हील चेयर प्रयोगकर्ताको लागि शौचालयमा कम्तिमा एउटा कोठा हुनु पर्ने र उक्त कोठा ९०० मिमि चौडा, १६०० एमएम गहिरो तथा कमोड र कम्तिमा ८०० एमएम खुल्ने ढोका हुनु पर्ने
  ५. पूर्ण पहुँचयुक्त हुनका लागि सबै सरकारी तथा अर्धसरकारी सार्वजनिक भवनहरूको प्लिन्थ एरिया ५०० वर्ग मिटर भन्दा माथि हुनु पर्ने,

---

२ नेपाल राष्ट्रिय भवन संहियता २०१५, पृष्ठ २१.

६. व्यवसायिक तथा कार्यालय भवनहरूको प्लिन्थ एरिया ५०० वर्ग मिटर भन्दा माथि हुनु पर्ने,
७. प्रत्येक २० वटा शौचालय कोठाहरूमा १ वटा पूर्ण अपाङ्गता पहुँचयुक्त शौचालय हुनु पर्ने र उक्त शौचालय महिला, पुरूष तथा अन्य प्रयोगकर्ताहरूले प्रयोग गर्न सक्ने हुनु पर्ने,
८. सबै लिफ्ट, शौचालय, मुख्य निकास र पार्किंग क्षेत्रमा अपाङ्गता पहुँचयुक्त संकेत गर्ने प्रतिक चिन्ह राख्ने

- **पहुँच सम्बन्धी अनुगमन**

अपाङ्गताको सन्दर्भमा पहुँच सम्बन्धी अनुगमन भनेको भौतिक वातावरण, सेवा वा डिजिटल सामग्रीमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको विस्तृत लेखाजोखा हो जसले गर्दा तिनीहरू समावेशी र अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयुक्त छन् भनेर सुनिश्चित गर्न सकिन्छ । यी अनुगमनहरू बाधा वा अवरोधहरू पहिचान गर्न, उपयुक्त पहुँच सम्बन्धी मापदण्डहरूको पालना भए नभएको लेखाजोखा गर्न र सुधारका लागि सिफारिसहरू गर्नका लागि सञ्चालन गरिन्छ । पहुँच सम्बन्धी अनुगमनहरू धेरै कारणहरूले महत्वपूर्ण हुन्छन्ः

✓ **समावेशीताः** अपाङ्गता भएका व्यक्तिहरूका लागि समान अवसरहरूको प्रवर्धन गर्नुका साथै उपलब्ध स्थान र सेवाहरू सबैका लागि पहुँचयोग्य भएको सुनिश्चितता गर्दछ ।
✓ **कानून पालनाः** पहुँचता सम्बन्धी अनुगमनले संस्थाहरूलाई अपाङ्गता सम्बन्धी अधिकार र पहुँचता सम्बन्धी कानूनहरूको पालना गराउनमा मद्दत गर्दछ ।
✓ **प्रयोगकर्ताहरूको अनुभवः** पहुँचता सम्बन्धी सुधारहरूले अपाङ्गता भएका व्यक्तिहरू लगायत अन्य सबै प्रयोगकर्ताहरूको अनुभवमा बृद्धि गर्दछ ।
✓ **भेदभावबाट बच्नेः** पहुँचता सम्बन्धी अनुगमन सञ्चालन गर्नाले पहुँचता

नभएको वातावरण वा सेवाहरूसँग सम्बन्धित भेदभाव र सम्भावित कानुनी परिणामहरूलाई रोक्नमा मद्दत गर्दछ।

✓ **सामाजिक उत्तरदायित्वः** यसले सामाजिक उत्तरदायित्व र समावेशीताप्रति संस्थाको प्रतिबद्धता देखाउँछ ।

पहुँच सम्बधी अनुगमनले अपाङ्गता भएका व्यक्तिहरूले बाधा वा अवरोधहरूलाई पार गरेर जीवनका विभिन्न पक्षहरूमा पूर्ण रूपमा सहभागी हुन सक्छन् भन्ने कुरा सुनिश्चित गरेर थप समावेशी र समतामूलक समाज सिर्जना गर्न योगदान पुऱ्याउँछ ।

- नेपाल सरकारको स्वीकृत शहरी सडक मापदण्ड अनुसार[३]:-
  १. अन्डर पासमा हिड्ने पैदल यात्रीको लागि सतह भन्दा ८५० एमएम देखि ९०० एमएम माथि हाते रेलिंग लगाउने,
  २. दृष्टिगत अपाङ्गता भएका व्यक्तिहरूको सहायताका लागि चेतावनी टाइल राख्नु पर्ने र सम्भव भएमा प्रत्येक खुड्किलाको तल र माथि विषम रंग लगाउने,
  ३. पाइलाको माथि र तल चम्किलो रंग लगाउने र त्यो क्षेत्रमा प्रकाशको व्यवस्था गर्ने
  ४. अपाङ्गता भएका व्यक्तिहरूका लागि हाते रेलिंग र र्‍याम्प राख्ने,
  ५. अपाङ्गता भएका व्याक्तिहरूलाई हिड्न सजिलो होस् भनि फुटपाथको चौडाई कम्तिमा पनि २.० मिटर हुनु पर्ने, २.४ मिटर भए अझ राम्रो हुने ।

## १.८. समावेशी पुर्वसुचना प्रणालीहरू:

पुर्व चेतावनी सुचना प्रणालीहरू समावेशी हुने तरिकाले काम भइरहेको, धेरै सञ्चार माध्यमहरू (दृश्य, श्रवण, भाषा) प्रयोग गरी अपाङ्गता भएका व्यक्तिहरूलाई समयमै सुचनाहरू प्राप्त होस् भन्ने हिसावले जल तथा मौसम विभागबाट विपद्

---

३ नेपाल शहरी सडक मापदण्ड २०७६

आउनु पुर्व अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी विभिन्न माध्यमहरूबाट सुचनाहरू सम्प्रेषणको लागि प्रयासहरू भइरहेको छ । तर, अझै पनि केहि विशिष्ट किसिमका अपाङ्गता भएका व्यक्तिहरूको हकमा भने उनीहरू माझ यस्ता सुचनाहरू पुर्याउन चुनौती रहेको छ ।

## १.९. अपाङ्गता सम्बन्धी तथ्यांक सङ्कलनः

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३ को उपदफा (१) अनुसार अपाङ्गतालाई १० प्रकारमा वर्गिकरण गरिएको छ तर वि.सं. २०७८ को जनगणनामा देश भित्र प्राय बसोबास गर्ने सबै व्यक्तिहरूको अपाङ्गता सम्बन्धी विवरणलाई संकलन गर्नका लागि १२ प्रकारका अपाङ्गता सहितको प्रश्नावालीको आधारमा प्राप्त नतिजा अनुसार नेपालको कुल जनसंख्याको २.२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिएको छ । जम्मा पुरूष जनसंख्याको २.५ प्रतिशत र महिला जनसंख्याको २.० प्रतिशतमा अपाङ्गता देखिएको छ ।

***

# २. श्रोत पुस्तिका

## २.१. पृष्ठभूमि:

अपाङ्गता भएका व्यक्तिहरूले विपद् र आपतकालीन अवस्थामा उनीहरूलाई पर्न सक्ने असरलाई कम गर्न र हुन सक्ने सम्भावित समस्याहरूबाट बच्न गर्नु पर्ने पूर्वतयारीलाई ध्यानमा राखेर पहिलो चरणमा अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण सम्बन्धी जानकारीमुलक हातेपुस्तिका तयार गरिएको थियो । सो, हातेपुस्तिकालाई अझ व्यापक र बढी सरोकारवालाहरू समक्ष पुऱ्याउनका साथै स्थानीय निकायहरूले आउने  दिनहरूमा निर्माण गर्ने वा निर्माण भइसकेका विभिन्न प्रकारका योजना तथा कार्यक्रमहरूमा अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राखेर मूलप्रवाहीकरणमा ल्याउन सकियोस भन्ने उद्देश्यले यो श्रोत पुस्तिकालाई पहिलेको तुलनामा अझ बढी विष्तृत तथा परिस्कृत रूपमा प्रस्तुत गरिएको छ ।

## २.२. उद्देश्यहरू:

यस श्रोत पुस्तिकाको मुख्य उद्देश्य भनेको विपद् जोखिम न्यूनीकरणमा अपाङ्गतालाई मूलप्रवाहमा ल्याउनका लागि विशेष गरी स्थानीय निकायहरूको विद्यमान बुझाइको क्षमता अभिवृद्धि गर्नु हो । अपाङ्गता सम्बन्धी विषयलाई व्यवस्थित रूपमा स्थानीय निकायहरूको योजना, बार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नु र कार्यान्वयन योग्य बनाउनु यस श्रोत पुस्तिकाको उद्देश्य रहेको छ ।

यसका साथै यसले अपाङ्गता र विपद् जोखिम न्यूनीकरणको बारेमा स्थानीय निकायसँग भएको विद्यमान ज्ञान र यस पुस्तिका मार्फत प्राप्त हुने जानकारीको

आधारमा नीतिगत सुधार गर्न तथा अपाङ्गता समावेशी विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा काम गर्ने क्रियाशील निकायहरूलाई पनि लक्षित गरेको छ, जसको फलस्वरूप स्थानीय निकाय लगायत क्रियाशील निकायहरूले अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणको लागि पैरवी गर्न र प्राविधिक रूपमा सहयोग गर्न सक्छन । साथै, यस श्रोत पुस्तिकाले सरोकारवालाहरूलाई निम्न विषयहरू बुझ्न र सुसूचित बनाउन मदत गर्ने छः

- प्रकोप र विपद् बीचको भिन्नता तथा त्यससँग सम्बन्धित परिभाषाहरू, अपाङ्गता सम्बन्धी शब्दावलीहरूको आधारभुत जानकारी तथा त्यसको उचित प्रयोग, वर्गीकरण, अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकताहरू बारे बुझ्न ।

- नेपालमा अपाङ्गताको सम्बन्धमा विद्यमान राष्ट्रिय कानून र नीतिहरू तथा अन्तर्राष्ट्रिय कानून तथा कार्यढाँचाहरूका साथै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धि र महासन्धिमा भएको महत्वपूर्ण सिद्धान्त तथा प्रावधानहरू बारे बुझ्न ।

- स्थानीय निकायहरूले आगामी दिनमा निर्माण गर्ने वा निर्माण भइसकेका विभिन्न प्रकारका योजना तथा कार्यक्रमहरूमा अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राखेर मूलप्रवाहीकरणमा ल्याउन ।

- अपाङ्गताको सवालमा सेन्डाई कार्यढाँचाका साथै स्फियर मापदण्ड र मानवीय समावेशिताका मापदण्डहरू बारे जानकारी पाउनुका साथै अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका सहयोगीको लागि विभिन्न चरणका योजनाहरू बारे सामान्य रूपमा बुझ्नमा ।

***

# ३. अपाङ्गताको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा कार्यढाँचाहरू

## ३.१. नेपालमा अपाङ्गताको सम्बन्धमा विद्यमान राष्ट्रिय कानून र नीतिहरू

### क. नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरूको हकमा गरेका व्यवस्थाः

नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकार र उनीहरूको हक सम्बन्धी देहायका व्यवस्थाहरू उल्लेख गरेको छ ।

- कसैले पनि अपाङ्गताका आधारमा कुनै किसिमको विभेद गर्न वा अधिकारबाट बन्चित गर्न वा गराउन पाउने छैन ।
- कुनै पनि अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता भएकै आधारमा विभेद वा बहिष्करणमा पार्न पाइने छैन ।
- उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।
- अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा र सुविधामा समान पहुँचको हक हुनेछ ।
- आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थमा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुक जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ ।

**ख. अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३**

अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ ले अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकार संरक्षण र विकास तथा सशक्तीकरणका लागि विभिन्न कार्यहरू गर्न कुल १७ वटा प्राथमिकता क्षेत्र छुट्ट्याई हरेक प्राथमिकता क्षेत्र अन्तर्गत उद्देश्य, नीति, रणनीति र कार्ययोजना तय गरेको छ ।[४]

**ग. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४**

अपाङ्गता भएका व्यक्तिहरू विरूद्ध हुने भेदभाव अन्त्य गरि उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तिकरण गरी  नीति निर्माण र विकास प्रकियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानूनको निर्माण भएको हो । यस कानूनमा अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको आधारमा भेदभाव वा निजलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गर्न नपाइने, अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वक जीवनयापन गर्न तोकिए बमोजिम सहायक सामाग्री तथा सामुदायिक सहायता सेवा पाउने अधिकार हुने, अपाङ्गता भएका व्यक्तिलाई सशस्त्र संघर्ष, सङ्कटकाल वा विपद् परेको अवस्थामा प्राथमिकताका साथ सुरक्षा, उद्दार तथा संरक्षण पाउने अधिकार हुने, तोकिएका अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारबाट तोकिए बमोजिमको आर्थिक सहयोग वा सामाजिक सुरक्षा प्राप्त गने अधिकार हुने तथा अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र संरक्षण सम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख, प्रवर्धन गर्ने तथा सो सम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि एउटा अपाङ्गता राष्ट्रिय निर्देशन समिति रहने व्यवस्था गरिएको छ ।

---

४ https://www.opmcm.gov.p/wpcontent/uploads/npolicy/Women/apangata_rastriyaniti_2063.pdf

### घ. विपद् जोखिम् न्यूनीकरण राष्ट्रिय रणनैतिक कार्ययोजना २०१८–२०३०:

रणनैतिक कार्ययोजनामा अपाङ्गता भएका व्यक्तिहरूको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भुकम्प/पहिरो /बाढी/हिमपात/जलवायुजन्य जोखिमयुक्त पुर्वाधारहरू,आश्रयस्थलहरू, औधोगिक क्षेत्रहरूका लागि भू-सान्दर्भित, सम्मुखता र संकटासन्नता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने

- महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, विद्यार्थी र अन्य जोखिम समूहसँग जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधी तयार गर्ने ।

- दलित, महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग र संकटासन्न समुदाय र सम्पूर्ण सरोकारवालाहरूका लागि विपद् जोखिम् न्यूनीकरण सम्बन्धी पाठ्यक्रमको विकास गरी प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने ।

- प्रत्येक तहका विपद् व्यवस्थापन समितीमा दलित, महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग र संकटासन्न समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न नीतिगत व्यवस्था गर्ने ।

- संकटासन्न समुह र विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न व्यक्ति तथा समुदायको जीवन बीमाको व्यवस्था गर्ने ।

- स्थानीय तहका भण्डारण गृहहरूमा महिला, सुत्केरी, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने बिशेष खाद्यान्न, औषधी, सरसफाईका सामान तथा सहायक उपकरणहरू पर्याप्त मात्रामा भण्डारण गर्ने ।

- पूर्वसूचना प्रणालीमा महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, आदिवासी र संकटासन्न समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिशिचत गर्ने ।

- संकटासन्न लक्षित समुदायहरू (दलित, महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, आदिवासी तथा विपन्न)को लागि पूर्वसूचना प्रणाली बारे जानकारीमूलक सामाग्रीहरूको (पुस्तिका, पर्चा, सूचनापत्र, विद्युतिय सन्देश आदि) तयारी गर्ने ।

- विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूका कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, वृद्धवृद्धा र संकटासन्न समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने ।

- संकटासन्न समुह (निरक्षर, दृष्टिविहिन, बहिरा)का लागि बिशेष प्रकारको अनुसरण गर्ने ।

- विपद् पश्चात सरकारी तथा गैरसरकारी क्षेत्रहरूबाट प्रदान गरिने राहत, उद्धार र पुर्नस्थापनाका सेवा सुविधाहरूमा संकटासन्न र सिमान्तकृत वर्गको प्राथमिकता र पहुँचमा वृद्धि सुनिश्चित गर्ने ।

- महिला, वृद्धवृद्धा, बालबालिका, व्यक्तिहरूको खोज, उद्धार र प्रतिकार्यको क्रममा सुरक्षा र अन्य आवश्यकताहरूका लागि विशेष व्यवस्था गर्ने ।

ङ विपद् जोखिम् न्यूनीकरण राष्ट्रिय नीति, २०७४ :

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७४ ले अपाङ्गता लगायत अन्य संकटासन्न समुदायको हकमा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू तथा संस्थागत संरचनाहरूमा महिला, बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्तिहरू, अल्पसंख्यक, आर्थिक तथा सामाजिक रूपमा सीमान्तकृत समुदायहरूको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी सहभागिता सुनिश्चित गरिने र अपाङ्गमैत्री, सार्वजनिक भवनहरू (सरकारी कार्यालय, विद्यालय, अस्पताल, आश्रय स्थल आदि) डिजाईन तथा निर्माणका लागि निर्देशिका बनाई कार्यान्वयन गरिने नीति लिएको छ ।

***

## ३.२. अपाङ्गताको विषयमा अन्तर्राष्ट्रिय र क्षेत्रीय कार्यढाँचाहरू

### ३.२.१ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (CRPD), २००६

यो महासन्धिको अंग्रेजी नाम "Convention on the Rights of Persons with Disabilities" (कन्भेन्सन अन द राइट्स अफ पर्सन्स विथ डिसेविलिटिज) हो । यसलाई छोटो रूपमा CRPD वा UNCRPD भन्ने गरिन्छ । नेपालीमा यसलाई "अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि" भनेर अनुवाद गरिएको छ भने नेपाली भाषामा पनि "सीआरपीडी" एउटा चलन चल्तिको शब्दावली बनिसकेको छ।

यो संयुक्त राष्ट्रसंघले जारी गरेको एउटा अन्तर्राष्ट्रिय कानून हो । ३ मे २००८ देखि यो कानून संसार भरि लागू भइसकेको छ । यस महासन्धिलाई कुनै देशको संसद्ले अनुमोदन गरिसकेपछि त्यस देशको कानून बन्छ र त्यस देशको सरकारले यसलाई अनिवार्य रूपमा लागू गर्नुपर्छ । नेपालको संसद्ले यो महासन्धिलाई अनुमोदन गरि सकेको हुनाले यो नेपालमा पनि लागू भई सकेको छ ।

यस दस्तावेजको मुख्य आशय सबै मानव अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूले पनि समान रूपमा उपयोग गर्न पाउनु पर्छ भन्ने हो । त्यसैले यसमा अन्य नागरिकलाई जस्तै अपाङ्गता भएका व्यक्तिहरूलाई मानव अधिकारहरू दिलाउन विभिन्न कानुनी व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूका विशेष अधिकार पनि यस कानुनमा उल्लेख गरिएका छन् । सरकारले अपाङ्गता भएका व्यक्तिहरूका लागि के कस्ता सेवा सुविधा उपलब्ध गराउनु पर्छ भन्ने बारेमा पनि यस दस्तावेजमा उल्लेख गरिएको छ र ती सेवासुविधा सरकारले कसरी उपलब्ध गराउनु पर्छ भन्ने बारेमा समेत यसमा निर्देशनहरू दिइएको छ । अपाङ्गता भएका व्यक्तिहरू माथि हुने विभिन्न प्रकारका भेदभाव, उपेक्षा, दुरब्यवहार र हिंसाहरू अन्त्य गर्न र उनीहरूले भोगिरहेका विभिन्न समस्या र पीडाहरूबाट उनीहरूलाई मुक्त गर्न सरकारले गर्नु पर्ने कामहरूका बारेमा यसमा उल्लेख गरिएको छ ।

यस महासन्धिमा अपाङ्गता भएका व्यक्तिहरूको हितका लागि ५० वटा मुख्य कानुनी व्यवस्था (जसलाई धारा पनि भनिन्छ ) गरिएको छ । यी ५० वटा व्यवस्था भित्र अरू थुप्रै व्यवस्था पनि छन् ।

**सीआरपीडीः केही मुख्य तथ्यहरू**

- डिसेम्बर १३ २००६ मा संयुक्त राष्ट्र संघको महासभाको प्रस्ताव द्वारा पाठ पारित र ३० मार्च २००७ मा हस्ताक्षरका लागि खुल्ला गरियो ।
- २० औं अनुमोदन पछिको ३० दिन पछि, ३ मे, २००८ मा लागू भएको ।
- नेपालले जनवरी ३, २००८ मा मात्र सीआरपीडीमा हस्ताक्षर गरेको । नेपालले सोही दिन अतिरिक्त प्रोटोकलमा पनि हस्ताक्षर गरेको ।
- नेपालको संसद्ले यो महासन्धिलाई ७ मे २०१० मा अनुमोदन गरि सकेको र नेपालका लागि कानुनी रूपमा बाध्यकारी भएको ।

### ३.२.२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (CRPD)का महत्वपूर्ण प्रावधानहरू

यो महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूका लागि कुनै नयाँ अधिकारहरूको सिर्जना त गर्दैन तर उनीहरूलाई समान अवसरको आधारमा सबैको जस्तै समान अधिकारलाई पूर्णरूपमा उपभोग गर्न योग्य  बनाउने उद्देश्य राखेको छ । सीआरपीडीले अपाङ्गता भएका बालबालिकामा विकास भईरहेको क्षमता (CWDs) का सम्मानका साथै मर्यादा, स्वायत्तता, गैर-भेदभाव, सामाजिक समावेशिता, भिन्नताको सम्मान, पहुँचता, पुरूष र महिला बीचको समानता जस्ता सामान्य सिद्धान्तहरू (धारा ३) लाई अगाडि ल्याउँदछ ।

यस महासन्धिको आपतकालको अवस्था धारा ११मा लडाइँ, आतङ्कवादी हमला, बाढी, पहिरो, भूकम्प, महामारी जस्ता खतरनाक र आपतकालका बेलामा अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्ति सरह नै सुरक्षित हुन पाउने अधिकार रहेको र यस्तो बेलामा देशहरूले अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा र संरक्षणका लागि विशेष उपायहरू अपनाउनु पर्ने कुरा गर्दछ । सीआरपीडीको बारेमा थप जानकारीका लागि[५]:

५ https://nfdn.org.np/wp-content/uploads/2019/10/easy-crpd-incheon.pdf

### ३.२.३ ढाका घोषणापत्र २०१८

२०१८ को अपाङ्गता र विपद् जोखिम व्यवस्थापन सम्बन्धी ढाका घोषणापत्र एउटा महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज हो र यसलाई फेब्रुअरी २०१८ मा ढाका, बंगलादेशमा आयोजित "अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण (DiDRR) सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन"मा अपनाईएको थियो ।

घोषणापत्र अपाङ्गता र विपद् जोखिम व्यवस्थापनको अन्तरसम्बन्धमा केन्द्रित रहेको छ । यसले प्राकृतिक विपद्को सामना गर्दा अपाङ्गता भएका व्यक्तिहरूको संकटासन्नताको बारेमा कुरा गर्दछ र विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यका प्रयासहरूमा उनीहरूको समावेशीतालाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ । ढाका घोषणापत्रले विपद् जोखिम व्यवस्थापन नीति र अभ्यासहरूमा अपाङ्गता समावेशी अवधारणालाई मुलप्रवाहमा ल्याउनु पर्ने महत्वलाई जोड दिन्छ ।

घोषणापत्रले विपद् र आपतकालिन अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई अझ राम्रोसँग संरक्षण र सहयोग गर्न सक्ने थप उत्थानशील र समावेशी समुदायहरू निर्माण गर्ने महत्वलाई जोड दिन्छ । यसले विश्वभर विपद् जोखिम व्यवस्थापनका प्रयासहरूमा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता र अधिकार हरूलाई पूर्ण रूपमा विचार तथा सम्बोधन गरिएको सुनिश्चित गर्ने गरिएको प्रतिबद्धतालाई प्रतिनिधित्व गर्दछ ।

***

# ४ . अपाङ्गता बारे बुझाई

## ४.१. अपाङ्गताको परिभाषा

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २(ख) मा अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधका कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति भनिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि २००६ को धारा १ ले "अपाङ्गता भएको व्यक्ति" भन्नाले "शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालिन अशक्तताद्वारा श्रृजित विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी रूपमा सहभागी हुन बाधा भएको व्यक्ति सम्झनुपर्छ" भनी परिभाषित गरेको छ ।

## ४.२. नेपालमा अपाङ्गताको अवस्थाः एक झलक

- नेपालको जनगणना २०७८ ले नेपाली जनसंख्याको २.२% मा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखाउँछ ।
- पुरूष जनसंख्यामा २.५% र सम्पूर्ण महिला जनसंख्या, २.०% मा केही अपाङ्गता रहेको छ ।
- अपाङ्गता भएका व्यक्तिहरू मध्ये पुरूष ५४.२ प्रतिशत र महिला ४५.८ प्रतिशत रहेको छ ।

| अपाङ्गताको प्रकार अनुसारको जनसंख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| अपाङ्गताको अवस्था | जम्मा | | पुरुष | | महिला | |
| | संख्या | % | संख्या | % | प्रतिशत | % |
| शारीरिक अपाङ्गता | २४०६०९ | ३७.१ | १४१४३४ | ४०.३ | ९९१७५ | ३३.५ |
| न्यून दृष्टिविहीन | ११०५२५ | १७.१ | ५३७३० | १५.३ | ५६७९५ | १९.२ |
| पूर्ण दृष्टियुक्त | ३५१४२ | ५.४ | १७८०४ | ५.१ | १७३३८ | ५.८ |
| बहिरोपन | ५१३७३ | ७.९ | २६८७५ | ७.७ | २४४९८ | ८.३ |
| सुस्तश्रवण | ५१५२० | ८.० | २६०९९ | ७.४ | २५४२१ | ८.६ |
| श्रवण दृष्टिविहीन | १०१८७ | १.६ | ५३६८ | १.५ | ४८१९ | १.६ |
| स्वर र बोलाइ | ४१६७६ | ६.४ | २३६७२ | ६.७ | १८००४ | ६.१ |
| मानसिक वा मनोसामाजिक | २८०४५ | ४.३ | १४९७३ | ४.३ | १३०७२ | ४.४ |
| बौद्धिक अपाङ्गता | ११३५८ | १.८ | ५८६९ | १.७ | ५४८९ | १.९ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ४९३७ | ०.८ | २३५७ | ०.७ | २५८० | ०.९ |
| अटिजम् | ४८८६ | ०.८ | २२५८ | ०.६ | २६२८ | ०.९ |
| बहुअपाङ्गता | ५७४८६ | ८.९ | ३०८६२ | ८.८ | २६६२४ | ९.० |
| जम्मा | ६४७७४४ | १०० | ३५१३०१ | १०० | २९६४४३ | १०० |

**नोटः** थप विस्तृत जानकारीको लागि राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन हेर्न सकिने ।

*नोटः राष्ट्रिय जनगणना २०७८मा १२ प्रकारको अपाङ्गता सुचिकृत भएता पनि हाल प्रचलित ऐन तथा अन्य सरकारी दस्तावेजहरूमा १० वटा अपाङ्गताको प्रकारको मात्र उल्लेख रहेको छ ।*

## ४.३. अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रयोग गरिने भाषा

अपाङ्गतालाई हेर्ने दृष्टिकोणहरूको विकास संगै अपाङ्गतासँग सम्बन्धित भाषाहरू पनि निरन्तर रूपमा विकसित हुँदै गइरहेको छ । अपाङ्गतासँग सम्बन्धित शब्दावली पनि देश र क्षेत्रहरू अनुसार फरक रहेको छ । केहि अभिव्यक्तिहरू अनुपयुक्त अथवा अपमानजनक रहेका छन् र त्यस्ता कुराहरू व्यापक रूपमा प्रयोग भई रहेको भएता पनि त्यस्ता प्रवृतीहरूलाई निरूत्साहित गर्नुपर्छ । भाषाले मनोवृत्ति र व्यवहारलाई पनि प्रभाव पार्ने भएकाले अपाङ्गता भएका व्यक्तिहरूको बारेमा कुरा गर्दा केही सिद्धान्तको पालना गर्नु पर्दछः

- अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा प्रयोग गरिने चलनचल्तीको भाषाको प्रयोग नगरी नेपाल सरकारले निर्दिष्ट गरेको भाषाको प्रयोग गर्नुपर्छ ।
- छलफलको दौरान सान्दर्भिक विषयवस्तुको क्रममा मात्र अपाङ्गताको विषयलाई उल्लेख गर्नु पर्छ ।

मानिसहरूले जानेर वा नजानेर अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको मन दुख्ने गरी वा आत्मसम्मानमा ठेस पुग्ने गरी विभिन्न गलत शब्दावलीले सम्बोधन गरिरहेका हुनसक्छन । अपाङ्गता भएका व्यक्तिहरूका लागि तल दिईएका शब्दावलीहरूलाई प्रयोग गर्न सकिन्छ ।

| सम्बोधन गर्नुपर्ने शब्द | क्रियात्मकता सीमितता (Functional Limitations) |
|---|---|
| **दृष्टिविहीन** | चस्मा प्रयोग गर्दा पनि वस्तुको रङ्ग, रूप, आकार, आकृति वा प्रकार छुट्टाउन नसक्ने । दुवै आँखाले पुरै देख्न नसक्ने । हिंडडुल गर्न मानव पथ-प्रदर्शक वा सेतो छडीको प्रयोग गर्ने । |
| **न्यून दृष्टियुक्त व्यक्ति** | चस्मा प्रयोग गरेर वा नगरे पनि नजिकबाट ठुलो वस्तुको आकार र रङ्ग छुट्टाउन सक्ने, सानो वस्तु देख्न वा साना अक्षरहरू पढ्न अवरोध हुने । ठुला वस्तु वा अक्षर आँखाको नजिक लगेर पढ्न सक्ने, सेतो छडी नलिईकन पनि सामान्य हिंडडुल गर्न सक्ने, २० फिटभन्दा कमको दुरीबाट हातको औँला छुट्टाउन सक्ने । |
| **शारीरिक अपाङ्गता भएका व्यक्ति** | हात, खुट्टा, ढाड, हाड, जोर्नी, मांसपेशी, नसालगायत अन्य अङ्ग वा प्रणालीमा आंशिक वा पूर्ण रूपमा क्षति पुगी अङ्गहरू चलाउन, हिंडडुल गर्न, हात-खुट्टा चलाउन समस्या वा कठिनाइ हुने । उमेर पुगिसकेका तर ४ फिटभन्दा साना (होचा पुड्का) व्यक्ति । |
| **सुस्त श्रवण** | कान कम सुन्ने वा नजिकबाट आएको ठुलो आवाज सुन्न सक्ने, स्पष्ट बोल्न सक्ने तर सानो वा सामान्य स्वरमा बोलेको सुन्न नसक्ने, श्रवण-यन्त्र लगाएर सुन्न सक्ने व्यक्ति । |

| | |
|---|---|
| **स्वर – बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्ति** | सुन्न सक्ने तर स्वर र बोलीमा मात्र समस्या भएको, बोल्न वा शब्द उच्चारण गर्नमा कठिनाइ हुने वा अक्षर वा शब्द दोहोराएर वा भकभकाएर बोल्ने, ओठ वा तालु फाटेर बोल्न अवरोध हुने, विभिन्न कारणले कृत्रिम स्वर - यन्त्र प्रयोग गर्न पर्ने । |
| **बौद्धिक वा सिकाई सम्बन्धी** | उमेर अनुसार सिक्नु पर्ने कुराहरू सिक्न वा गर्न पर्ने क्रियाकलापहरू गर्न नसक्ने, उमेर बढ्दै गए पनि व्यवहार सानै बच्चाको जस्तो रहने, सिक्न सके पनि सिकाइमा ढिलाइ हुने र एउटा निश्चित समयपछि सिकाइ अघि बढ्न नसक्ने व्यक्ति । |
| **अटिजम** | सामान्य सञ्चारमा कठिनाइ हुने, सामाजिक व्यवहार गर्न कठिनाइ हुने, एउटै क्रियाकलाप दोहोऱ्याइरहने, दृश्य र तस्बिरहरूका माध्यमबाट सिक्न सक्ने वा सञ्चार गर्ने, एक्लै बस्न मन पराउने । |
| **मनोसामाजिक अपाङ्गता भएका व्यक्ति** | विभिन्न कारणले मानसिक अवस्थामा विचलन आई दैनिक जीवनका क्रियाकलाप र जीवनका विभिन्न पक्षमा सहभागी हुन अवरोधहरूको सामना गर्न पर्ने । |
| **श्रवण दृष्टिविहीन** | आँखा नदेख्ने, बोल्न नसक्ने र कान सुन्नसमेत नसक्ने व्यक्ति । |
| **अपाङ्गता भएका व्यक्ति** | माथि उल्लेख गरिएका व्यक्तिहरूलाई समग्रमा सम्बोधन गर्दा प्रयोग हुने शब्द (साझा शब्द ) हो– अपाङ्गता भएका व्यक्ति । |
| **अपाङ्गता नभएका व्यक्ति** | माथि उल्लेख गरिएका विविध प्रकृतिका अपाङ्गताको अवस्थामा नरहेका व्यक्तिलाई सम्बोधन गर्न प्रयोग गरिने शब्द हो - अपाङ्गता नभएका व्यक्ति । |

*श्रोत:https://nfdn.org.np/advocacy-documents/addressing-persons-with-disabilities/*

## ४.४. अपाङ्गताका प्रकारहरू

### अपाङ्गताको वर्गीकरण

**क) १० अपाङ्गताको प्रकारहरू**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३ को उपदफा (१) अनुसार अपाङ्गतालाई देहाय बमोजिम १० प्रकारमा वर्गिकरण गरिएको छः

१. **शारीरिक अपाङ्गताः** बाल पक्षाघात (पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, स्नायु, मांसपेशी विचलन, जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, पैताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता तथा १६ वर्ष उमेर पुगेको व्यक्तिमा उमेर अनुसार हुनुपर्ने औसत उचाइ भन्दा ज्यादै कम उचाइ भएको व्यक्ति तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिंडडुलमा समस्या भएको अवस्थालाई शारीरिक अपाङ्गता भनिन्छ ।

२. **दृष्टि सम्बन्धी अपाङ्गताः** कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने अवस्थालाई दृष्टि सम्बन्धी अपाङ्गता भनिन्छ ।

(क) **दृष्टिविहीनताः** औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुवै आँखाले हातको औंला १० फिटको दूरीबाट गन्न नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३ र ६० मा) पढ्न नसक्नु दृष्टिविहीनताको अवस्था मानिन्छ ।

(ख) **न्यून दृष्टियुक्तः** औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि २० फिटको दूरीबाट हातको औंला गन्न नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६ र १८) मा पढ्न नसक्नु न्यून दृष्टियुक्तताको अवस्था मानिन्छ ।

(ग) **पूर्ण दृष्टिविहीनः** पूर्णरूपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने अवस्था ।

३. **सुनाइ सम्बन्धी अपाङ्गताः** सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने अवस्था ।

   (क) **बहिराः** ८० डेसिबेल भन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने अवस्था भएको व्यक्ति ।

   (ख) **सुस्त श्रवणः** सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा ६५ देखि ८० डेसिबलसम्मको ध्वनि सुन्न सक्ने अवस्था भएको व्यक्ति ।

४. **श्रवण दृष्टिविहीन अपाङ्गताः** सुनाइ सम्बन्धी र दृष्टि सम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

५. **स्वर र बोलाइ सम्बन्धी अपाङ्गताः** स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोर्याउने व्यक्ति ।

६. **मानसिक वा मनोसामाजिक अपाङ्गताः** मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमूखीकरण, स्फूर्ति, स्मरण शक्ति, भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

७. **बौद्धिक अपाङ्गताः** उमेरको वृद्धिसँगै सचेतनाको विकास हुन नसकि बौद्धिक विकास नभएका कारणले उमेर अनुसारको क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

८. **अणुवंशिय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गताः** अणुवंशिय असरका कारण रगतमा हुने  कारकमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

९. **अटिज्म सम्बन्धी अपाङ्गता:** जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा समस्या भएको व्यक्ति। जस्तो: सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइ रहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया जनाउने व्यक्ति ।

१०. **बहुअपाङ्गता:** एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति जस्तै: शारीरिक अपाङ्गता र दृष्टिविहिनता, शारीरिक अपाङ्गता र स्वर तथा वोलाई सम्बन्धी अपाङ्गता आदि ।

## ख) अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ले वर्गिकरण गरेको १० प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई अशक्तताको गम्भीरताको आधारमा ४ प्रकारको परिचयपत्र दिने व्यवस्था गरिएको छ ।

- **पूर्ण अशक्त अपाङ्गता (रातो रङ्गको परिचयपत्र)**

  निरन्तर अरूको सहयोग लिँदा पनि दैनिक क्रियाकलाप आफैं सम्पादन गर्न नसक्ने अवस्थाको व्यक्तिलाई रातो रङ्को परिचयपत्र उपलब्ध हुन्छ ।

- **अति अशक्त अपाङ्गता (नीलो रङ्गको परिचयपत्र)**

  वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रूपमा अरूको सहयोग लिनुपर्ने अवस्थाको व्यक्तिलाई नीलो रङ्गको परिचयपत्र उपलब्ध हुन्छ ।

- **मध्यम अपाङ्गता (पहेलो रङ्गको परिचयपत्र)**

  भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमित रूपमा आफ्नो

दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्तिलाई पहेलो रङ्गको परिचयपत्र उपलब्ध हुन्छ ।

- **सामान्य अपाङ्गता (सेतो रङ्गको परिचयपत्र)**

  सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्तिलाई सेतो रङ्गको परिचयपत्र उपलब्ध हुन्छ ।

## ४.५ अपाङ्गता भएका व्यक्तिहरूको अवरोधकहरू:

प्राय सबैले कुनै न कुनै समयमा अप्ठ्याराहरूको सामना गर्छन् तर अपाङ्गता भएका व्यक्तिहरूका लागि अवरोधहरू बारम्बार हुन सक्छन् र यसले उनीहरूको जीवन तथा कार्यक्षमताहरूमा ठूलो प्रभाव पार्न सक्छ । विश्व स्वास्थ्य सङ्गठनले अवरोधहरूलाई भौतिक बाधाहरू मात्र होइन भनेर व्याख्या गरेको छ ।

अवरोधहरूको सम्बन्धमा विश्व स्वास्थ्य सङ्गठनको परिभाषा: "व्यक्तिको वातावरणमा भएका कारक तत्वहरू जसले, तिनीहरूको अनुपस्थिति वा उपस्थिति मार्फत, व्यक्तिको कृयाशिलतालाई सीमित गर्दछ र अपाङ्गताको सिर्जना गर्दछ" । यसमा तल दिईएका कुराहरू समावेश रहेका छन् जस्तै:

- पहुँचयुक्तता नभएको भौतिक वातावरण(बाटोघाटो, घर, बासस्थान, सार्वजनिक यातायातका साधन, सभाकक्षहरू, सरकारी कार्यालयहरू आदि)
- सान्दर्भिक सहायक प्रविधिको अभाव (वैशाखी, सेतो छडी, ह्वीलचियर आदि),
- मानिसहरूको अपाङ्गता प्रति नकारात्मक दृष्टिकोण, हेंलाको दृष्टिले हेर्ने, प्राथमिकता नदिने, हेप्ने, होच्याउने आदि,

***अपाङ्गता भएका व्यक्तिहरूलाई हुने अवरोधहरूलाई निम्न कुराहरूसँग जोड्न सकिन्छ:—***

क) सामाजिक - आर्थिक वातावरण:

- अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नै घर परिवारले समेत सहयोग नगर्दा

आर्थिक तथा मनोसामाजिक अवस्था कमजोर हुने,

- अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य तथा शिक्षामा पहुँच कम हुनुले रोजगार प्राप्त गर्ने अवसरहरू कम हुने,
- अपाङ्गता भएका व्यक्तिहरूको लागि व्यापार, व्यवसाय, उद्योग, कल, कारखाना सञ्चालन गर्नका लागि धितो हुँदाहुँदै पनि बैंकिङ्ग क्षेत्रले ऋण प्रवाह नगर्ने,
- नेपालको बैङ्कीङ तथा वित्तीय क्षेत्रको कानूनी तथा भौतिक संरचना अपाङ्गमैत्री नभएको हुनाले अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक कारोवार गर्न कठिनाइ हुने,
- जिविकोपार्जनका अवसरहरू, आवास तथा खाद्य वितरणमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच नहुनु ।

ख) भौतिक वातावरणः

- भौगोलिक अवस्था अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त नभएको, हिमाली, पहाडी(भिरालो), तराइका दुर्गम तथा विपद् प्रभावित क्षेत्रहरू हुन् ।
- भौतिक पुर्वाधारहरूः पहुँचयुक्त नभएको स्थानमा बनेका आवास क्षेत्र तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रणाली । ( जस्तै, पहुँचयुक्त शौचालय, खानेपानीको धारा लगायत)

ग) सुचना तथा संचार प्रविधिमा पहुँचको वातावरणः

पुर्वसुचना चेतावनी प्रणालीहरूबाट प्रसारित अपाङ्गता भएका व्यक्तिहरूले बुझ्न नसक्ने सूचनाहरू प्रसारण हुनु । (जस्तै बहिरा व्यक्तिहरूको पहुँचमा नहुने रेडियो कार्यक्रम, साइरन, एस.एम.एस, छापिएको सामग्रीहरू दृष्टिविहिनहरूका लागि पहुँचयुक्त नहुनु)

## ४.६ अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताहरू

अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकताहरू पनि अन्य व्यक्तिहरू सरह नै

हुन्छ्, तर उनीहरूलाई अपाङ्गताको आधारमा केही अतिरिक्त विशेषज्ञ सेवाहरूको आवश्यकता पर्न सक्छ, जस्तै,

- हिडडुलका लागि सहयोगी उपकरणहरू (Assistive and mobility devices) (कृत्रिम अंगहरू, सेतो छडी, व्हीलचेयर, बैशाखी, श्रवण यन्त्रहरू) अनुसूचि १ हेर्नुहोस् ।
- समावेशी शिक्षा/ बिशेष विद्यालय
- स्याहारकर्ता, सांकेतिक भाषा अनुवादक, अनुकुलित यातायात सेवाहरू आदि
- सुरक्षाः अपाङ्गता भएका व्यक्तिहरू चोटपटक र दुर्व्यवहारको उच्च जोखिममा हुन सक्छन् । परिवारले उनीहरू कसरी सुरक्षित रहन र उनीहरूलाई कुनै प्रकारले जोखिम् महसुस भएमा के गर्ने भनेर सिकाउनु महत्वपूर्ण हुन्छ ।
- स्वतन्त्र जीवनयापनः स्वतन्त्र जीवन भन्नाले एउटा व्यक्ति आफ्नो जीवन आफै बाँच्दछ र उनलाई अरूबाट सीमित वा कुनै सहयोको आवश्यकता पर्दैन ।

**विशेष ध्यान दिनु पर्ने विषयहरू**

- अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत आवश्यकताहरू र मानवीय इच्छा पनि अपाङ्गता नभएका व्यक्तिहरूका जस्तै समान हुन्छन् ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई केही थप विशेष आवश्यकताहरू हुन सक्छन र समान पहुँच र सहभागितालाई सुनिश्चित गर्न परिवार, समुदाय र सरकारले त्यस्ता आवश्यकताहरूलाई उपलब्ध गराउन आवश्यक हुन्छ ।
- अपाङ्गता भएका व्यक्तिहरू क्षमतावान्, योग्य र विद्वताले भरिपूर्ण हुन्छन् ।
- सबैले कुनै न कुनै तरिकामा सञ्चार गर्न सक्छन् (त्यसलाई अनुकूलन गर्न र कसरी गर्ने भन्ने कुरा थाहा पाउनु हाम्रो लागि चुनौती हुन्छ)
- समावेशी परिवार र समुदायहरू त्यसै बन्दैन, त्यसका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नलाई सहयोग र जनचेतनाको आवश्यकता पर्दछ ।

# ५. अपाङ्गता र विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन

## ५.१. प्रकोप र यसका प्रकारहरू:

### क. प्रकोप

प्रकोप भनेको कुनै खास निश्चित अवधि र निश्चित भौगोलिक क्षेत्र भित्र रहेको क्रियाकलाप,स्वरूप वा प्राकृतिक कारणले हुनसक्ने घटना हो जसले सम्भावित क्षति र विपद् निम्त्याउन सक्दछ । त्यसैले यस्ता प्रकोपहरूले विध्वंशकारी विपद् ननिम्त्याओस् भन्नको निम्ति र प्रकोपबाट हुन् सक्ने असरलाई कम गर्न पूर्वतयारी गर्न अति आवश्यक हुन्छ । खास गरि अपाङ्गताको सवालमा उनीहरू विपद् प्रति बढी संकटासन्न भएको हुनाले सोहि अनुसार पूर्वतयारी गर्नु पर्छ ।

### ख. प्रकोपका प्रकारहरू

**१. प्रकृति जन्य प्रकोपहरू**

- पानी र जलवायु जन्य प्रकोप
  हावाहुरी, बाढी, पहिरो, चट्याङ, हिमपहिरो, असिना, खडेरी, तातो हावा (लु), शितलहर
- भौगर्भिक प्रकोप
  भूकम्प, ज्वालामुखी
- जैविक प्रकोप
  महामारी, किराहरूको अत्याधिक बृद्धि, सर्पदंश, जनावरको आक्रमण
- वातावरणीय प्रकोप
  यसमा रासायनिक, भु–क्षय, पहिरो प्राकृतिक र जैविक प्रकोपहरू पर्न सक्दछ र वातावरणीय ह्रास वा भौतिक वा पानी, हावा र माटोमा हुने रासायनिक प्रदुषण ।

२. **मानव निर्मित प्रकोपहरू**

- सामाजिक प्राकृतिक प्रकोप
- वन बिनास, भोकमरी
- सामाजिक राजनैतिक प्रकोप
- युद्ध, सामाजिक वा साम्प्रदायिक अस्थिरता
- प्राविधिक प्रकोप
- यातायात/हवाई दुर्घटनाहरू, औद्योगिक प्रदुषण, आगलागी, कारखानामा हुने विष्फोट, आणविक विकिरण आदि ।

## ५.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको परिचय

विपद्लाई रोक्न सकिँदैन तर जनजीवनमा पर्ने प्रभावलाई भने केहि हदसम्म कम गर्न सकिन्छ । विपद् भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भइ व्यापक जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पर्ने प्राकृतिक वा मानव सिर्जित घटना बुझिन्छ ।

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन भन्नाले विपद्लाई कम गर्न वा यसको प्रभावसँग सामना गर्नका लागि विपद् आउनु भन्दा पहिले, विपद्का समयमा र विपद् पछि अवलम्बन गरिएका उपायहरूलाई जनाउँदछ ।

**विपद् व्यवस्थापनमा बिभिन्न चरणहरू हुन्छन् । यी चरणहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी सुरक्षित र सहयोग गर्न सकिन्छ भन्ने विषय जरूरी हुन्छ ।**

१. **पुर्वतयारीको चरण** (Preparedness Phase): विपद्को सम्बन्धमा पूर्वानुमान, रोकथाम र असर न्यूनीकरणका साथै विपद् भईरहँदा र भईसके पछि यसबाट उत्पन्न परिस्थितिको सामना गर्नका लागि पहिले नै तयार भएर वस्नुलाई पुर्वतयारी भनिन्छ । संक्षेपमा भन्नुपर्दा विपद् भईरहेको समयमा र भईसकेपछि तत्काल प्रभावित मानिसको जीवन रक्षाका लागि आवश्यक पर्ने उद्धार तथा राहत कार्यको लागि पहिले नै पूर्ण तयार भएर वस्नु हो । यसमा संकटासन्न घरधुरीहरूका पहिचान र नक्सांकन गर्ने,

पुर्वचेतावनी प्रणाली बारे सूचना र शिक्षा दिने, खोज तथा उद्धार सम्बन्धी तालिम, संकटासन्नता तथा क्षमता लेखाजोखा, विपद् व्यवस्थापन समितीको गठन, विपद् व्यवस्थापन योजनाको निर्माण, प्राथमिक उपचार तालिम आदि पर्दछ ।

२. **प्रतिकार्यको चरण** (Response Phase): विपद्को कारणले अकस्मात् जनजीवन अस्तव्यस्त भई मानिसहरूले धेरै दुःख पाउँछन् । त्यसको फलस्वरूप प्रभावित मानिसहरूलाई सुरक्षा, औषधि उपचार, खाना, लुगाफाटो, आवास तथा सामाजिक सेवा उपलब्ध गराउनु पर्ने हुन्छ । उल्लेखित चीज र सेवाहरू प्रभावित पक्षलाई उपलब्ध गराउने चरणलाई प्रतिकार्यको चरण भनिन्छ । यस चरणमा खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालिन खाना, लुगा, आवास, पानी, औषधी वितरण तथा अन्य गैर खाद्य सामाग्रीहरू जस्तै कम्बल, तन्ना, झुल आदिहरू प्रभावितहरूलाई यथासिघ्र उपलब्ध गराईन्छ ।

३. **अल्पीकरणको चरण** (Mitigation Phase): मानिसहरू विपद् पूर्वको जीवन स्तरको अवस्थामा फर्कि सके पछि उनीहरूले भविष्यमा विपद्को समयमा हुने क्षतिको मात्रा वा प्रभावलाई कम गर्न आवश्यक एउटा निश्चित दीर्घकालीन उपायहरूको आवश्यकतालाई पहिचान गर्छन् र प्राकृतिक वा मानवजन्य विपद्को असर कम गर्न अपनाइने सबै प्रकारका उपायहरूलाई नै अल्पिकरण भनिन्छ । जस्तैः बाढीबाट उत्पन्न आपातकालिन अवस्थामा आवासलाई उँचो ठाउँमा स्थापना गर्नु, खडेरी प्रतिरोधी बाली रोप्ने, भुईंचालो प्रतिरोधी भवनको निर्माण आदि ।

४. **पुर्नलाभको चरण** (Recovery Phase): विपद् बाट प्रभावित व्यक्ति, समुदाय वा क्षेत्रलाई विपद् आउनु अघिको झैँ सामान्य अवस्थामा ल्याउनका लागि गरिने पुर्नःस्थापन तथा पुनर्निर्माण जस्ता क्रियाकलापहरूलाई नै पुनर्लाभ भनिन्छ । यसमा प्रभावित समुदायहरूलाई सामाजिक, आर्थिक तथा मनोसामाजिक जस्ता बिभिन्न प्रकारको सहायता उपलब्ध गराईन्छ जसले गर्दा उनीहरूलाई पहिलेकै स्थानमा फर्केर जीवन सुचारू गर्न सजिलो हुन्छ ।

विपद् आएको खण्डमा उक्त अवस्थासँग सामना गर्न र विपद्को प्रभावलाई सिमित गर्नलाई मानिसहरूको क्षमता अभिबृद्धि गर्नका लागि विपद् जोखिम् न्यूनीकरणले मुख्यरूपमा विपद् आउनु अघि पूर्वतयारीमा आफ्नो ध्यान केन्द्रित गर्दछ ।

## ५.३. अपाङ्गता भएका व्यक्तिहरूलाई विपद्ले पार्ने प्रभावहरू

विपद्ले समुदाय, अर्थतन्त्र, पारिस्थितिक प्रणाली र व्यक्तिहरूलाई विभिन्न तरिकाले प्रभाव पार्न सक्छ । त्यसमा पनि अपाङ्गता व्यक्तिहरू बढी प्रभावित हुन्छन् । विपद्को प्रभावलाई संक्षेपमा तल दिईएको छः

१. **जीवनको हानिः** विपद्हरू, विशेष गरी भूकम्प, आँधी, र बाढी जस्ता प्राकृतिक प्रकोपहरूले मानिसको जीवनमा धेरै प्रकारको नोक्सानी निम्त्याउन सक्छ । यस्ता प्रभावको गम्भीरता घटनाको परिमाण, पुर्वतयारी, र प्रतिकार्यका प्रयासहरू जस्ता कारकहरूमा भर पर्दछ । अपाङ्गता भएका व्यक्तिहरूको जीवन यापन र दैनिकीमा ठूल प्रभाव पार्ने गर्दछ ।

२. **चोटहरूः** बिपद्ले प्राय सामान्य र गम्भीर दुवै खाले चोटहरू निम्त्याउँदछ । यी चोटहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई झन् मानसिक विचलन ल्याउन सक्ने समस्या बढ्छ र चोटपटकहरूले स्वास्थ्य सेवा प्रणालीलाई ओ झेलमा पार्न सक्छ, जसले प्रभावितहरूलाई दीर्घकालीन स्वास्थ्य समस्याहरू निम्त्याउँदछ । अपाङ्गता भएका व्यक्तिहरूलाई माथिका कारणहरूले बहुअपाङ्गता गराउने सम्भावना बढ्न सक्छ । जसको दिर्घकालिन असर ज्यादै भयावह हुनसक्छ ।

३. **सम्पत्तिको क्षतिः** विपद्ले घर, पूर्वाधार र व्यवसायमा ठूलो क्षति पुर्याउन सक्दछ । यो क्षतिले व्यक्ति र सरकारको लागि आर्थिक नोक्सान निम्त्याउन सक्छ र पूर्ण रूपमा पुर्नलाभ गर्नमा वर्षौं लाग्न सक्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई त्यस्ता कठिनाइको सामना गर्न ठूलो चुनौती हुन्छ ।

४. **आर्थिक प्रभावः** विपद्का आर्थिक प्रभावहरू हुन सक्छन् । व्यवसायीहरू अस्थायी वा स्थायी रूपमा बन्द गर्न बाध्य हुन सक्छ, जसले गर्दा रोजगारी

गुम्न सक्छ र प्रभावित क्षेत्रमा आर्थिक गतिविधि कम हुन्छ । पुनर्निर्माण र पुर्नलाभका प्रयासहरूले स्थानीय र राष्ट्रिय बजेटलाई दवाबमा पार्न सक्छ ।

५. **विस्थापन र घरबारविहीनताः** विपद्ले ठूलो संख्यामा मानिसहरूलाई आफ्नो घरबाट अस्थायी वा स्थायी रूपमा विस्थापित गर्न सक्छ । यसले भीडभाड भएको आवास, घरबारविहीनता र दीर्घकालीन आवास समाधानको आवश्यकता निम्त्याउन सक्छ ।

६. **मनोवैज्ञानिक र भावनात्मक प्रभावहरूः** विपद् बाट बचेकाहरूले चिन्ता, अवसाद, र पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर (एत्क्म) सहित प्राय मनोवैज्ञानिक आघात अनुभव गर्छन् । यी प्रभावहरू विपद् पछि लामो समयसम्म रहन सक्छन् ।

७. **वातावरणीय प्रभावः** केही विपद्हरू, जस्तै धुँवा धुलो, आगलागी, खानेपानीको श्रोत प्रदुषण, नदी प्रदूषणले गम्भीर र दीर्घकालीन वातावरणीय प्रभाव पार्न सक्छ । यसले पारिस्थितिक प्रणाली, पानीको गुणस्तर र वन्यजन्तुलाई असर गर्न सक्छ ।

८. **पूर्वाधार अवरोधः** विपद्ले पावर ग्रिड, यातायात सञ्जाल र सञ्चार प्रणाली जस्ता महत्वपूर्ण पूर्वाधारमा बाधा पुर्याउन सक्छ । यसले आपतकालीन प्रतिकार्यका प्रयास र पुर्नलाभमा बाधा पुर्याउन सक्छ ।

९. **सामाजिक व्यवधानः** विपद्ले सामाजिक प्रणाली र सामुदायिक एकतालाई बाधा पुर्याउन सक्छ । तिनीहरूले सामाजिक सेवाहरूलाई असर पार्न सक्छन्, शिक्षामा बाधा पुर्याउन सक्छन् र केही अवस्थामा सामाजिक सद्भावमा असर पुर्याउन सक्छ ।

१०. **स्वास्थ्य सम्बन्धी प्रभावः** तत्काल हुने चोटपटक बाहेक, दूषित पानी, रोगको फैलावट, र स्वास्थ्य सेवाको अवरोध जस्ता कारण विपद्ले स्वास्थ्यलाई असर पार्न सक्छ ।

११. **खाद्य र पानीको असुरक्षाः** विपद्ले खाद्यान्न र सफा पानीको आपूर्ति शृत्त्लामा बाधा पुर्याउन सक्छ, जसले गर्दा अभाव र मूल्यमा वृद्धि हुन्छ । यसले प्रभावित जनसंख्याको लागि खाना र पानी असुरक्षा हुन सक्छ ।

१२. **दीर्घकालीन परिणामहरू:** समुदायहरूलाई वर्षौं वा दशकसम्म पनि असर गरि रहन सक्ने केही विपद्को दीर्घकालीन परिणामहरू हुन्छन् ।

## ५.४. विपद्को परिस्थितीमा अपाङ्गता

विपद्को अवस्थामा अपाङ्गता भएका व्यक्तिहरू विभिन्न कारणहरूले अझ बढी संकटासन्न हुन्छन् । केही कारणहरू निम्न रहेका छन्:

१. **सीमित हिडडुल:** अपाङ्गता भएका धेरै व्यक्तिहरूको हिडडुल गर्ने क्षमता सीमित हुन्छ वा उनीहरू व्हीलचेयर/ बैसाखी वा सेतो छडी जस्ता सहायक उपकरणहरूमा भर पर्छन्, जसले गर्दा छिट्टै बाहिर निस्कन वा आपतकालीन आश्रय र स्रोतहरूमा पहुँच गर्न चुनौतीपूर्ण हुन्छ ।

२. **सञ्चार सम्बन्धी बाधाहरू:** बहिरा वा कम सुन्ने व्यक्तिहरूले आपतकालीन चेतावनीहरू प्राप्त गर्न वा निर्देशनहरू बुझ्नमा अफ्ठ्याराहरूको सामना गर्न सक्छन् । त्यसैगरी, बोल्ने कमजोरी भएकाहरूले आपतकालीन अवस्थामा आफ्ना आवश्यकताहरू उचित तरिकाले सञ्चार गर्नमा संघर्ष गर्न सक्छन् ।

३. **पहुँचयुक्त ढाँचामा सूचनाको अभाव:** आपतकालीन अवस्थाको जानकारी सधैं पहुँचयुक्त ढाँचाहरूमा उपलब्ध गराइँदैन, जस्तै ब्रेल, ठूलो अक्षर, वा सजिलै बुझ्न सकिने भाषा, जसले गर्दा दृश्य वा संज्ञानात्मक अपाङ्गता भएका मानिसहरूले स्थितिलाई राम्ररी नबुझ्न सक्छन् ।

४. **सहयोगी सेवाको अभाव:** केही अपाङ्गता भएका व्यक्तिहरूलाई दैनिक कार्यहरू सम्पादन गर्नका लागि सहयोग चाहिन्छ र व्यक्तिगत सहयोगी र सहायकहरूमा निर्भर हुन सक्छन् । विपद्को समयमा, सहयोगी सेवाहरूमा हुने अवरोधहरूले तिनीहरूलाई विशेष रूपमा संकटासन्न बनाउन सक्छ ।

५. **ईन्द्रिय संवेदनशीलता:** ईन्द्रिय संवेदनशीलता भएका मानिसहरू, जस्तै अटिजम भएकाहरूले, आपतकालिन अवस्थामा हुने कोलाहलको वातावरणलाई थाम्न गाह्रो हुन सक्छ । यसले उनीहरूलाई प्रभावकारी रूपमा प्रतिक्रिया दिन गाह्रो बनाउन सक्छ ।

६. **निकासी/उद्धार** (Evacuation) **सम्बन्धी चुनौतिहरूः** अपाङ्गता भएका व्यक्तिहरूका लागि निकासी मार्गहरू र आपतकालीन आश्रयस्थलहरू पहुँचयुक्त नहुन सक्छन्, उनीहरू अलपत्र पर्न वा विपद्को समयमा सुरक्षित आश्रय फेला पार्नमा असमर्थ हुन सक्छन् ।

७. **चिकित्सकिय सेवा आवश्यकताहरूः** धेरै अपाङ्गता भएका व्यक्तिहरू निरन्तर चिकित्सा आवश्यकता पर्न सक्ने अवस्थाहरूमा हुन्छन् । निरन्तर औषधोपचार वा निरन्तर सहायक सामग्रीहरूको प्रयोगमा भर पर्नुपर्ने हुन्छ । (जस्तैः डाइपर, सिलिकन जेल आदि)

समग्रमा, विपद् तयारी, प्रतिकार्य, र पुर्नलाभको समयमा अपाङ्गता भएका व्यक्तिहरूको विशिष्ट आवश्यकता र चुनौतीहरूलाई सम्बोधन, आपतकालीन अवस्थामा उनीहरूको सुरक्षा र कल्याण सुनिश्चित गर्न आवश्यक हुन्छ । त्यसैले, विपद् पुर्व, विपद्को दौरान र विपद् पश्चात अपाङ्गता भएका व्यक्तिहरूको विशिष्ट आवश्यकताहरूलाई पुरा गर्ने कुराहरू आउदा त्यसका लागि थुप्रै मार्गदर्शन र अनुभवहरूलाई हेर्नु पर्ने देखिन्छ । धेरै जसो दस्तावेजीकरण गरिएका अनुभव र अनुसन्धानहरू विकसित मुलुकहरूबाट आएका छन् । निम्न र उच्च आय भएका मुलुकहरू बीचको श्रोतहरूमा भिन्नता भएता पनि सिद्धान्त र अवधारणाहरू भने सबैतिर एकैनासका रहेका छन् । अपाङ्गतालाई विपद् जोखिम् व्यवस्थापनमा मुलप्रवाहीकरण गरिएको उदाहरण हेर्ने हो भने सबै कुराहरू अग्रसक्रियात्मक (Proactive) भन्दा पनि प्रतिकार्यात्मक (Reactive) बढी देखिन्छ ।

## ५.५. विपद् र आपत्कालिन कार्य ढाँचाहरू तथा अपाङ्गताको सवालमा तिनीहरूको सान्दर्भिकता

### क. विपद् जोखिम् न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा २०१५–२०३०

सेन्डाई कार्यढाँचालाई तोकिएको १५ वर्षभित्र व्यक्ति, व्यवसाय, समुदाय र देशहरूको जीवन, जीविकोपार्जन र स्वास्थ्य तथा आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक र वातावरणीय सम्पदामा हुने विपद् जोखिम र

नोक्सानमा उल्लेख्य कमी ल्याउने लक्ष्य राखी विपद् जोखिम न्यूनीकरणको विश्व सम्मेलनमा सन् २०१५, मार्च १८का दिन जापानको सेन्डाईमा अपनाईको थियो । यसको ७ वटा लक्ष्यहरू र ४ वटा प्राथमिक कार्यहरू रहेका छन् ।

**प्राथमिकता १:** विपद् जोखिमलाई बुझ्ने

**प्राथमिकता २:** विपद् जोखिम व्यवस्थापनको लागि विपद् जोखिम सुशासनलाई सबल बनाउने

**प्राथमिकता ३:** उत्थानशीलताका लागि विपद् जोखिम न्यूनिकरणमा लगानी गर्ने


**प्राथमिकता ४:** प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुर्नस्थापना र अझ उत्तम पुनर्निर्माणका लागि विपद् पूर्व तयारीमा जोडदिने

**सेन्डाई कार्यढाँचा २०१५–२०३०मा अपाङ्गता**

- अपाङ्गता भएका व्यक्तिहरूलाई विपद् बाट हुने जोखिम र यसका कारक तत्वहरूकोबारेमा ज्ञान र बुझाइमा सुधार गर्ने ।
- राष्ट्रिय र स्थानीय विपद् जोखिम न्यूनीकरणका रणनीतिहरूमा अपाङ्गता समावेशी नीति र ढाँचाहरूलाई समावेश गर्नमा जोड ।
- अपाङ्गता भएका समुदायहरूको उत्थानशीलता बढाउन अपाङ्गता-विशेष विपद् पूर्वतयारीका उपायहरूमा लगानी ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई आपतकालीन अवस्थामा समावेश गरिएको सुनिश्चित गर्न अपाङ्गता समावेशी विपद् पूर्वतयारी योजनाहरूको विकास ।

## ख. पेरिस सम्झौता

पेरिस सम्झौता २०१५ मा जलवायु परिवर्तनको बारेमा १९६ देशहरूले गरेको एउटा कानुनी रूपमा बाध्यकारी सन्धि हो र यो सम्झौता ४ नोभेम्बर २०१६ बाट कार्यन्वयनमा आएको हो । यस सन्धिको मुख्य उद्देश्य विश्वव्यापी हरित गृह ग्यासहरूको कटौती गरी विश्वको तापक्रमको वृद्धि १.५ डिग्री सेल्सियससम्म सीमित गर्ने हो । यस सन्धिले सबै देशहरूलाई आफ्नो हरित गृह ग्यास उत्सर्जन कम गर्ने र जलवायु परिवर्तनको प्रभावहरूलाई




अनुकूलन गर्ने प्रतिबद्धता जाहेर गर्नका लागि आग्रह गर्दछ । पेरिस सम्झौताले जलवायु परिवर्तनसँग लड्न, विश्वव्यापी तापक्रम वृद्धिलाई सीमित गर्न, जोखिममा परेका समुदायहरूको संरक्षण, दिगो विकासलाई प्रवर्धन गर्न, र वर्तमान र भावी पुस्ताहरूका लागि वातावरण संरक्षण गर्न ठोस प्रयासहरूको लागि विश्वव्यापी रूपरेखा प्रदान गर्दछ ।

जलवायु परिवर्तन मानव जातिको साझा सरोकारको विषय हो र पक्षहरूले जलवायु परिवर्तनलाई समाधान गर्ने कार्यहरू गर्दा मानव अधिकार, स्वास्थ्यको अधिकार, आदिवासी जनजाति,स्थानीय समुदाय, आप्रवासी, बालबालिका, अपाङ्गता भएका व्यक्तिका अधिकार, जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरूको अधिकार र विकासको अधिकारका साथै लैङ्गिक समानता, महिला सशक्तिकरण तथा अन्तर-पुस्ता समन्याय सम्बन्धी तिनका आ–आफना दायित्वलाई सम्मान, प्रवर्धन र विचार गर्नुपर्दछ भन्ने कुरालाई आत्मसात गर्दै जाने कुरा यसको प्रस्तावनामा भनिएको छ ।

## ग. स्फियर मापदण्ड

स्फियर परियोजनालाई अहिले स्फियर मात्र भनेर चिनिइन्छ । यस परियोजनाको सुत्रपात सन् १९९७ मा मानवीय गैरसरकारी संस्थाहरूको एक समुह तथा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानद्वारा गरिएको थियो । तिनको लक्ष्य मानवीय प्रतिकार्यहरूको गुणस्तरमा सुधार ल्याउनु र आफना क्रियाकलापका लागि जवाफदेही हुनु थियो । स्फियरका सिद्धान्तहरू मुख्य दुई विश्वासमा आधारित छन्ः

- विपद् अथवा द्वन्द्वबाट प्रभावित मानिसहरूलाई मर्याद सहितको जीवन बाँच्न पाउने अधिकार हुन्छ र त्यस्कारण उनीहरूलाई सहयोग प्राप्त गर्ने अधिकार छ, र
- विपद् अथवा द्वन्द्वबाट उत्पन्न मानवीय पीडालाई कम गर्नका लागि सम्भव सबै कदमहरू चालिनु पर्दछ ।

यसले विपद् प्रतिकार्यका लागि मानवीय वडापत्र तथा न्यूनतम मापदण्डहरू निर्धारण गरेको छ । यसमा प्राविधिक विषयकालागि सूचक र प्रविधिक मापदण्डहरू समेटिएको छ ।

स्फियरमा अपाङ्गता भएका व्यक्तिहरूलाई एउटा अन्तरविषयक मुद्धाको (बालबालिका, अपाङ्गता, वातावरण, लैङ्गिकता, एच.आई.भी/एड्स, ज्येष्ठ नागरिक, संरक्षण, फरक–फरक यौनिक अभिमुखीकरण भएका ब्यक्तिहरू, मानसिक स्वास्थ्य लैङ्गिकतामा आधारित हिंसा) रूपमा र सबै प्राविधिक अध्यायहरूमा साझा हुने मापदण्डहरू समावेश गरिएको छ । संकटासन्न समूहहरूको सम्बन्धमा मापदण्डहरूः-

- सहभागिताः सबै समूहहरूको प्रतिनिधित्व
- प्रारम्भिक लेखाजोखाः सबै समूहहरूको प्रतिनिधित्व
- प्रतिकार्यः सबै समूहहरूको आवश्यकतालाई सम्बोधन
- लक्ष्यिकरणः सबै समूहहरूको प्रतिनिधिहरूलाई समावेश
- अनुगमनः सबै समूहहरूसँग निरन्तर परामर्श
- मुल्याङ्कनः सबै समूहहरूलाई समावेश

मापदण्डहरूले सहयोगीहरूको दक्षता र जिम्मेवारीका साथै व्यवस्थापनलाई पनि हेर्छ र यसमा संकटासन्न समूहहरूलाई ध्यान दिनुपर्छ भनिएको छ साथै सहायताकर्मीहरूको चेतना बढाउन उनीहरूलाई उचित तालिम र अभिमुखिकरण उपलब्ध गराउनु पर्छ भनिएको छ ।

यसको अतिरिक्त, स्फियरमा तल दिईएका क्षेत्रहरूमा अपाङ्गता भएका

व्यक्तिहरूलाई सहयोग प्राप्त हुनु पर्छ भन्ने उदाहरणहरू देहाय बमोजिमका छन् ।

- उपयुक्त शौचालय र शारीरिक सरसफाई सम्बन्धी सुविधा
- पहुँचयुक्त पानी वितरण गर्ने स्थान
- खाद्य सहायता/पोषणमा पहुँच
- अपाङ्गता भएका व्यक्तिहरूलाई बेवास्ता गरिएको वा ध्यान नदिएको
- गोपनियता सहित पर्याप्त आवासको उपलब्धता, जस्तैः उनिहरूलाई हरेक कृयाकलाप गर्नको लागि सहयोगीको आवश्यकता पर्ने हुनाले आवास वितरण गर्दा गोपनियतालाई ध्यान दिनुपर्ने हुन्छ ।

## घ. वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिता मापदण्ड

विश्वव्यापी रूपमा लगभग १५ प्रतिशत जनसंख्या कुनै न कुनै प्रकारको अपाङ्गतासँग बाँचिरहेका छन् । ६० वर्ष नाघेका ४६ प्रतिशत भन्दा बढी व्यक्तिहरू अपाङ्गता भएका छन् । मानवीय सिद्धान्त अनुसार, मानवीय सहायता र संरक्षणलाई आवश्यकताको आधारमा बिना भेदभाव उपलब्ध गराउन आवश्यक हुन्छ । जानीजानी वा अञ्जानमा कसैलाई पनि मानवीय सेवाबाट वञ्चित गर्नु हुँदैन तर मानवीय सेवामा क्रियाशील निकायहरूमा यो प्रतिबद्धतालाई पूरा गर्ने क्षमता अझै पनि सीमित रहेको पाइन्छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशीताका मापदण्डहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता, क्षमता र अधिकारको बुझाइमा भएको अन्तरलाई सम्बोधन गर्न र मानवीय कार्यमा उनीहरूको समावेशीतालाई प्रवर्धन गर्नका लागि तर्जूमा गरिएका छन् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिताका मापदण्डहरूको विकास, उमेर र अपाङ्गता समावेशी मानवीय सहायतालाई प्रवर्धन गर्नमा काम गरिरहेका सात वटा निकायहरूको समूह

र उमेर तथा अपाङ्गता मञ्चले गरेको थियो भने यो मापदण्डलाई उमेर र अपाङ्गता क्षमता कार्यक्रम (ADCAP) को एउटा अंशको रूपमा विकसित गरिएको थियो । २६ देशका १३९ सङ्‌गठनबाट ३०० भन्दा बढी प्राविधिक विशेषज्ञहरू, मानवीय अभ्यासकर्ताहरू र अपाङ्गता भएका व्यक्तिहरूको सङ्‌गठन तथा ज्येष्ठ नागरिक हरूको संघहरूसँग परामर्श, सर्वेक्षण र अन्तरवार्ताहरूबाट प्राप्त पृष्ठपोषण र सिफारिसको आधारमा सन् २०१५ मा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिताको मापदण्डहरूको रूपमा प्रारम्भिक संस्करण प्रकाशित भएको थियो ।

**समावेशिताका मुख्य मापदण्डहरूमा अपाङ्गता**

१. **पहिचानः** अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको आवश्यकता अनुसार सहभागीतामूलक, उपयुक्त र सान्दर्भिक मानवीय सहायता र संरक्षणमा पहूँच सुनिश्चित गर्नको लागि पहिचान गरिनु पर्छ ।

२. **सुरक्षित र समतामूलक पहूँचः** अपाङ्गता भएका व्यक्तिहरूको मानवीय सहयोगमा सुरक्षित र समतामुलक पहूँच हुनु पर्छ ।

३. **उत्थानशीलताः** अपाङ्गता भएका व्यक्तिहरू बढी तयार र उत्थानशील हुनु पर्छ तथा मानवीय कार्यको कारण कम जोखिममा हुने हुनाले तिनीहरूलाई नकारात्मक असर पर्नु हुँदैन ।

४. **ज्ञान र सहभागिताः** अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो अधिकार र हकहरू बारे थाहा हुनु पर्छ र आफ्नो जीवनलाई प्रभावित गर्ने निर्णयहरूमा उनीहरु सहभागी हुनु पर्छ ।

५. **पृष्ठपोषण र गुनासाहरूः** अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षित तथा प्रतिक्रियात्मक पृष्ठपोषण तथा गुनासाका संयन्त्रहरूमा पहूँच हुनु पर्छ ।

६. **समन्वयः** मानवीय सहायतामा अपाङ्गता भएका व्यक्तिहरूको पहूँच र सहभागिता समन्वय गरिएको र पूरक हुनु पर्छ ।

७. **सिकाईः** सङ्‌गठनहरूले अझ धेरै समावेशी सहायता उपलब्ध गराउन सिकाई सङ्कलन गरी लागू गर्नु पर्छ ।

८. **मानवीय स्रोतहरूः** कर्मचारी र स्वयंसेवकहरूसँग समावेशी मानवीय

कार्यहरू कार्यान्वयन गर्न उपयुक्त सीप र मनोवृत्तिहरू हुनु पर्छ । अपाङ्गता भएका व्यक्तिहरूसँग मानवीय सङ्गठनहरूमा रोजगारी र स्वयंसेवा गर्ने समान अवसरहरू हुनु पर्छ ।

९. **स्रोत व्यस्थापनः** मानवीय सङ्गठनहरूले समावेशीता प्रवर्धन गर्नका लागि स्रोतहरूको व्यवस्थापन गर्नु पर्छ र सोको अपेक्षा अपाङ्गता भएका व्यक्तिहरूले गर्न सक्छन् ।

***

# खण्ड ख

# ६ . स्थानीय तहको आपतकालीन योजना तर्जुमामा अपाङ्गता भएका व्यक्तिहरूको सम्बोधन

## ६.१. आपतकालीन योजना तर्जुमा

स्थानीय तहले आफ्नो क्षेत्रमा विपद् व्यवस्थापनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागी आपत्कालीन योजना तर्जुमा गर्नुपर्ने हुन्छ । त्यस्तो योजना तर्जुमा गर्दा अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकतालाई समेत मध्यनजर गर्नुपर्छ । आपत्कालीन योजना तर्जुमा गर्दा योजना, विधि, प्रकृया र चरणहरूमा अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकता, अवस्थालाई ध्यान दिएर गर्नुपर्छ ।

### ६.१.१ आपतकालीन योजनाको तयारी

अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूका अभिभावकहरू तथा सहयोगीहरूले आफ्नो वरिपरी घट्न सक्ने सम्भावित घटनाका साथै उक्त क्षेत्रमा हुन सक्ने सम्भावित जोखिमको बारेमा थाहा पाउनुपर्दछ । यसका लागि निम्नानुसारको सचेतनाको जानकारी संकलन गर्नुपर्दछ ।

- आफ्नो क्षेत्रमा पूर्व चेतावनी प्रणालीले कसरी सूचना प्रवाह गर्दछ भन्ने बारे थाहा पाउने । सो प्रणाली अपाङ्गता मैत्री छ वा छैन एकीन गर्ने । अपाङ्गतामैत्री नभएमा सुधारको लागि सरोकारवालाहरूलाई सुझाव दिने ।
- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूले बहुप्रकोप जोखिमबारे जानकारी लिने ।
- अपाङ्गतामैत्री विपद् व्यवस्थापनका बारेमा आफूलाई थाहा भएको जानकारी समुदायका मानिस वा सरोकारवालाहरूलाई दिई सहयोग गर्ने ।

- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूले शारीरिक क्षमताबारे अनुमान गर्ने ।
- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूले गर्न सक्ने काम र चाहिने सहायताहरूको सूची बनाउने ।
- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूले आपतकालको समयमा दोभाषेको सहयोग लिन दोभाषेहरूसँग सम्पर्कमा रहन सक्ने गरि तयारी गर्ने । साते प्रदेशहरूमा रहेका राष्ट्रिय अपाङ्ग महासंघ र अपाङ्गता भएको व्यक्तिहरूको महासंघको कार्यालय र संजालहरूको सम्पर्क व्यक्ति, नम्बरहरूको जानकारी अनुसूची २ मा राखिएको छ ।
- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूले विभिन्न मोबाइल एप्लिकेसन प्रयोग गरी दोभाषेसम्म पहुँच राख्न बानी पार्ने ।
- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूले औपचारिक सांकेतिक भाषाको ज्ञान नभएमा परम्परागत सांकेतिक भाषामा सञ्चार गर्ने ।
- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरू आपतकालको बेला संयमित एवं सजग रहने ।

*अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूले गर्नुपर्ने पूर्वतयारी अनुसूचि ३ मा उल्लेख गरिएको छ ।*

## ६.१.२. आपतकालीन अवस्थामा प्रयोगमा आउने सरसामान तयारी अवस्थामा राख्ने

बहुप्रकोप जोखिमबाट जोगिन अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूले सम्भावित विपद् तथा जोखिमहरूको अनुमान गर्नुपर्दछ । विपद्को समयमा बिजुली अथवा ग्याँस विना पनि खाना पकाउन मिल्ने गरी प्रबन्ध गर्नुपर्दछ । आपतकालीन सामग्रीहरू चाहिएको बेला सजिलै भेटिने र सुचारू अवस्थामा रहने गरी सुरक्षित स्थानमा राख्नुपर्दछ । सिठ्ठी वा घण्टी जस्ता आपतकालिन अवस्था जानकारी दिन प्रयोग गरिने सामान सधैं आफूसँगै राख्नुपर्दछ । औँलाको प्रयोग गरी सुसेल्न सक्ने सीप उपयोगी हुन सक्दछ । आपतकालीन सामानहरू भएको अपाङ्गता समावेशी

झटपट झोला (किट)  ठिक छ छैन समय समयमा जाँच गरी दुरूस्त अवस्थामा राख्नुपर्दछ ।

**आपतकालिन सामान भएको अपाङ्गता समावेशी झटपट झोला (किट)**

१. तीन दिनको लागि पिउने पानी र पानी शुद्धिकरणको लागि औषधिहरू पनि राख्ने,
२. नकुहिने र म्याद नगुज्रिएको खानेकुरा,
३. प्राथमिक उपचारको सामान,
४. व्याट्रीबाट चल्ने सानो रेडियो,
५. सुरक्षित पञ्जा,
६. नरम कपडाहरू,
७. टर्च लाइट,
८. ब्ल्यांकेट,
९. दैनिक सेवन गर्नुपर्ने औषधीहरू,
१०. जीवनजल,
११. मोवाइल फोन, चार्जर र व्याट्री, पावर बैंक
१२. मल्टिप्लग,
१३. कचौरा, थाल, गिलास, काँटा, चम्चा,
१४. सामान्य छुरी वा चक्कु,
१५. सिट्ठी,
१६. सुस्त श्रवण भएका व्यक्तिहरूका लागि अतिरिक्त श्रवण यन्त्र र त्यसमा जडान गरिने व्याट्री,
१७. आवश्यक कागजपत्रहरूको प्रतिलिपि जस्तै सम्पत्ति सम्बन्धी लालपूर्जा, बैंकका कागजातहरू, अपाङ्गता परिचयपत्र, पासपोर्ट, नागरिकता, चिकित्सा सम्बन्धी विवरण आदि,
१८. अटिज्म अथवा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि आफ्नो र अभिभावकको स्पष्ट चिनिने फोटो र सम्पर्क नम्बर,
१९. केही नगद,

२०. सरसफाइका सामान साबुन, स्यानिटाइजर, पेपर, तौलिया आदि जस्ता आफूले प्रयोग गर्ने जगेडा सहायक सामाग्री,

२१. मेरूदण्ड पक्षघात भएका व्यक्तिहरूको लागि क्याथेडर लगायत पिसाब नचुहिने थैली, सिलिकन, जेली, सिआइसी पाइप, डाइपर, पञ्जाका साथै सेतो छडी राख्ने,

२२. अपाङ्गता भएका किशोरी र महिलाहरूले स्यानिटरी प्याड वा महिनावारीमा प्रयोग हुने समानहरू राख्ने,

२३. अपाङ्गता भएका गर्भवती महिलाले गर्भाअवस्थामा चाहिनसक्ने सामग्रीहरूको जोहो गर्ने ।

२४. नवजात शिशुको हेरचाहको लागि चाहिने सामग्रीहरू तयारी अवस्थामा राख्ने ।

२५. सहज सञ्चार गर्नका निमित्त बहिराहरूको हकमा कपि र कलम राख्ने,

उक्त अपाङ्गता समावेशी झटपट झोला सजिलो, सहज र पहुँचयोग्य र ढोकाको छेउछाउमा आपतकालीन अवस्थामा सजिलै लिन सक्ने गरी राख्नु पर्दछ । सो बारे अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूलाई समेत जानकारी दिनुपर्दछ ।

मानिसहरूको आर्थिक अवस्थाको विश्लेषण गरी झटपट झोला राख्न नसक्ने अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूलाई स्थानीय तहले त्यसको एकीन पहिचान गरी आवश्यकताको लेखाजोखा गरी सो समूहलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । लेखाजोखा सम्बन्धी मापदण्डमा घरधुरी तथ्यांक तथा अपाङ्गता भएको व्यक्तिहरूको संख्या, सम्पूर्ण अवस्थाको लगत तयार गर्ने, लेखाजोखा गर्दा प्रारम्भिक पहिचान प्रश्नावली प्रयोग, मार्गदर्शनको विस्तृतीकरण वा यस्तै खाले दस्तावेजलाई आधार मानेर पहिचानको प्रश्नावली तयार गर्न सकिन्छ । यसको लागि विश्वव्यापी प्रयोगमा आएको प्रारम्भिक पहिचान प्रश्नावली (वासिङ्टन समूह प्रश्नावली) (अनुसूची ४ हेर्ने)को प्रयोग गरेर पूर्वतयारी गर्न सकिनेछ । स्थानीय तहले तथ्यांक संकलनमा सरोकारवाला, विकास साझेदारहरू, निजी क्षेत्र लगायतसँग मिलेर काम गर्न सक्नेछन् ।

### ६.१.३ बासस्थानमा विपद् पुर्वतयारी

- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरू बसोबास गर्ने आवास प्राविधिकसँग

सल्लाह गरी सो भवन उत्थानशिल भए नभएको एकीन गर्ने र नभएमा सरोकारवाला निकायहरूसँगको सहयोगमा प्रवलिकरण (Retrofitting) गराउने ।

- आपतको बेला आवतजावत गर्न अप्ठेरो पार्ने ठाउँका अवरोधहरू हटाउने । यसको लागि आवत्-जावत् गर्ने स्थानहरूमा कुनै किसिमको अवरोध नहुने सुनिश्चित गर्ने । तिखो, चुच्चो, धारिलो जस्ता सामाग्री (जस्तै हँसिया, छुरी, चुप्पी लगायतका सरसामान औजारहरू दृष्टिविहीन व्यक्तिहरूले नदेख्ने भएको कारण जोखिम हुने हुँदा) सुरक्षित स्थानमा राख्ने ।
- गह्रौं फर्निचर लगायतका सामग्रीहरूलाई नढल्ने गरी भित्तामा अड्काएर वा किला ठोकेर राख्ने ।
- हिँडडुल गर्न वा व्हिलचियर गुडाउन, घुमाउन अप्ठेरो पर्ने गरी कुनै फर्निचर तथा सामाग्रीहरू नराख्ने ।
- पानीको श्रोत वा मुहानमा अवरोध, दूषित हुने सम्भावना भएकाले सफा खानेपानी जम्मा गरेर राख्ने ।
- बासस्थान तथा आवासको झ्यालका सिसाहरू नफुट्ने गरी जडान गरिएको हुनुपर्ने ।
- आपतकालीन अवस्थामा सुरक्षित स्थानमा निस्कने ढोका बाहिर पट्टी खोल्ने हुनुपर्ने ।
- बिजुलीका तारहरू सुरक्षित भए नभएको जाँच गर्ने । सुरक्षित नभएमा त्यसलाई व्यवस्थित गर्नेका साथै प्रयोग नभएको समयमा त्यस्ता विद्यूतीय उपकरण तथा तार लगायतका सामानहरूलाई सुरक्षित स्थानमा राख्ने बानीलाई अभ्यस्त गराउनु पर्ने ।

### ६.१.४ आपतकालीन सूचनाको लागि पहुँचयुक्त एवं भरपर्दो सञ्चार माध्यमको छनौट

सञ्चार माध्यममा आउने मौसम पूर्वानुमानबाट वर्षा, आँधीबेहरी, बाढी, हिमपात, खडेरी, शीतलहर, लू जस्ता बहुप्रकोपको जानकारी प्राप्त हुने हुँदा रेडियो, टेलिभिजन, अनलाइन पोर्टल लगायतका सञ्चार माध्यमबाट समय समयमा जानकारी लिने ।

- रेडियो, टेलिभिजन, अनलाइन एप्स वा अन्य भरपर्दो माध्यमबाट चेतावनी वा पूर्वसूचना प्राप्त भएपछि तुरून्त सावधानी अपनाई अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थान तर्फ स्थानीय तहले लग्नुपर्छ ।
- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरूलाई आपत्कालिन अवस्थाको जानकारी गराउनु पर्दछ ।
- बासस्थान सार्न आवश्यक पर्ने भए सो सम्बन्धमा सम्बन्धित निकाय सँग समन्वय गर्नुपर्ने ।
- स्थानीय तहले वितरण गर्ने नगद सहायता सञ्चालन कार्यविधिहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई दिइने सेवा सुविधाहरूको विषयलाई प्राथमिकिकरण गर्नुपर्ने ।
- विपद्को बेलामा प्राथमिकिकरण गर्न बनेका कार्यविधिहरूले अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकताहरूलाई सम्बोधन भए नभएको एकीन गर्ने । सम्बोधन नभएमा सो को सुनिश्चितता स्थानीय तहले गर्ने ।
- स्थानीय तहहरूले जोखिममा आधारित सामाजिक सुरक्षाहरू (जस्तैः बीमा, स्वास्थ्य परीक्षण, विपद् संवेदनशील सामाजिक सुरक्षा तथा पुर्वानुमानमा आधारित नगद तथा जिन्सी लगायतका सहायता) कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

***

# ७. बहुप्रकोपका जोखिमहरूबाट बच्न अपाङ्गता भएका व्यक्तिहरूका लागि स्थानीय तह तथा अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूले गर्नुपर्ने पूर्वतयारी

नेपालमा बारम्बार दोहोरिइरहने विपद्जन्य घटनाहरूलाई आधार मानी अपाङ्गता भएका व्यक्तिहरूका लागि स्थानीय तहले आवश्यक पूर्व तयारी गर्नुपर्दछ । यसका लागि स्थानीय तहहरूले स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण गर्दा अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता सम्बन्धी विषयहरूलाई उच्च प्राथमिकतामा राख्नुपर्दछ । बारम्बार दोहोरिने प्रकोपहरू भूकम्प, महामारी, आगलागी, बाढी र पहिरोबाट अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूले पनि यी जोखिम लगायतको बारेमा बुझेर आवश्यक पूर्वतयारी गर्नुपर्दछ ।

## ७.१. भूकम्प

पृथ्वीको सतह भित्रका टेक्टोनिक प्लेटहरू एक आपसमा ठोक्किँदा पैदा हुने शक्तिद्वारा जमिनमा आउने प्राकृतिक कम्पनलाई भुइँचालो भनिन्छ । नेपाल धेरै भुइँचालो जाने क्षेत्रमा अवस्थित छ । तसर्थ यसबाट हुने जन धनको हानी नोक्सानी न्यूनीकरणका लागि पूर्वतयारी अति आवश्यक छ ।

### ७.१.१. भूकम्पले अपाङ्गता भएका व्यक्तिमा पार्न सक्ने अतिरिक्त प्रभाव

- अपाङ्गताको विविधताको कारणले गर्दा अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता नभएका व्यक्तिहरूको तुलनामा भूकम्प बारे सजिलै बुझ्न नसक्ने हुन्छन् ।
- भुकम्प आउँदा आफु कसरी सुरक्षित स्थानमा जाने थाहा नहुन सक्छ ।
- भुकम्प गई सकेपछि अपाङ्गता भएका व्यक्तिहरूलाई सरल र सहज तरिकाले सूचनाको पहुँच नहुँदा पुर्नलाभमा जटिलता झन् थपिन्छ ।
- भौतिक संरचनाका कारण भुकम्पमा च्यापिंदा/फस्दा आफु त्यहाँ च्यापिएको छु भन्ने सूचना बाहिर प्रवाह गर्न असमर्थ हुन सक्छन् ।
- आफ्नो तथा आश्रित परिवारको सुरक्षा गर्न कठिनाइ हुन सक्छ ।

### ७.१.२. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूको लागि भूकम्पबाट बच्नका लागि गर्नुपर्ने पूर्वतयारी

- ठूलो अक्षर, ब्रेल र सजिलै बुझ्न सकिने भाषा लगायत धेरै पहुँचयोग्य ढाँचाहरूमा भूकम्प तयारी सम्बधी जानकारी प्रदान गर्नका लागि पालिकाको विभिन्न उपयुक्त स्थानहरूमा जानकारी मुलक सुचना बोर्डहरू राख्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई ध्यान दिंदै स्पष्ट र पहुँचयोग्य निकासी योजनाहरू (Evacuation Plan) बनाउने ।
- निकासी योजनालाई नक्शांकन गरि विभिन्न स्थानहरूमा देखिने गरि राख्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई गर्ने सहयोग बारे उद्धारकर्ताहरू र समुदायका सदस्यहरूका लागि नियमित प्रशिक्षणहरू र कृत्रिम अभ्यासहरू सञ्चालन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूको पहिचान तथा वासस्थानको नक्सांकन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूको आवत जावत गर्ने अपाङ्गमैत्री पूर्वाधारहरू निर्माण गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूको आवास नजिक खुला क्षेत्र तथा सुरक्षित ठाउँको पहिचान गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने अत्यावश्यक सामग्रीहरूको प्रबन्ध गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूको विपद्को बेला खोज उद्धार तथा राहतको लागि आवश्यक पर्ने विशेष सामग्रीहरू र उद्धारकर्ताहरूको प्रबन्ध गर्ने ।
- अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूलाई भूकम्प तथा यसबाट जोगिने उपायको बारेमा सचेतीकरण गर्ने ।
- अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूलाई चाहिने सिठ्ठी, संकेत बत्ती, कार्ड जस्ता सामाग्री वा उपकरण उपलब्ध गराउने ।

- बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरण सापेक्ष क्रियाकलाप गर्न नसक्ने व्यक्तिहरूले सामान्यतया भूकम्पको बेलामा पनि रमाइलो मानेर वा भूकम्पको जोखिम थाहा पाउन नसकेर सुरक्षित स्थानतर्फ जान नमान्ने हुन सक्ने हुदा यस्तो बेला उनीहरूलाई स्थानीय तहले विशेष ख्याल गर्नुपर्ने ।
- स्वयमसेवकहरूको सूची तयार गरी दर्ता गर्ने, तालिम प्रदान गर्ने र भूकम्प गएको अवस्थामा उनीहरूलाई परिचालन गर्ने,
- अपाङ्गता भएका व्यक्ति र सहयोगीहरू बसोबास गर्ने आवासको अवस्था बारे प्राविधिकसँग सल्लाह गरी सो भवन उत्थानशिल भए नभएको एकीन गर्दै र नभएको खण्डमा सरोकारवाला निकायहरूसँगको सहयोगमा प्रवलिकरण (Retrofitting) गराउने ।
- भूकम्पलाई मध्य नजर गर्दै सम्बन्धित स्थानीय तह भित्रका विभिन्न खुल्ला स्थानहरूलाई सुरक्षित स्थलको रूपमा पहिचान गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूहरूलाई विपदको विभिन्न चरणहरूमा सहयोग गर्नका लागि र उनीहरूलाई उद्धारकर्ताहरूले तुरून्तै पहिचान गर्नको निमित्त उनीहरूको घरलाई जीपीएस नक्सांमा नै फ्ल्याग गरी राख्ने ।

### ७.१.३. स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूलाई भूकम्पको समयमा तत्कालै गर्नुपर्ने कार्यहरू

- अपाङ्गता भएका व्यक्तिहरू संकटमा परेको जानकारी उद्धारकर्ताहरूलाई छिटो माध्यमबाट दिई उद्धारको लागि उच्च प्राथमिकतामा राख्नुपर्ने ।
- भुकम्प गइसकेपछि सुरक्षित स्थानमा राख्दा त्यहाँ पराकम्पन आउने सक्ने हुन सक्छ । त्यस्तो अवस्थामा स्वास्थ्य युनिटलाई तयारी अवस्थामा राख्ने ।
- र्‍याम्प, पहुँचयोग्य शौचालय, र सहयोगी सेवाहरू लगायत उपयुक्त सुविधाहरू भएको पहुँचयोग्य निकासी आवासहरू (Evacuation Shelter) पहिचान गर्ने ।

- अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा हुन सक्ने अवरोधहरू पहिचान र सम्बोधन गर्न सार्वजनिक भवनहरू, निकासी मार्गहरू, र आपतकालीन आवासहरूको द्रुत लेखाजोखा गर्ने ।
- राहत र उद्धारमा अपाङ्गता भएका व्यक्तिहरूको संघ/संस्थाहरूलाई पनि संलग्न गराउने,

## ७.१.४. स्थानीय तहले अपाङ्गता भएको व्यक्तिहरूलाई भूकम्पको समय पश्चात गर्नुपर्ने कार्यहरूः

- भूकम्पबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूको लागि पुनर्निर्माण पूर्वाधार, आश्रय र सेवाहरू पहुँचयोग्य भएको सुनिश्चित गर्न प्रबलीकरण र पुनर्निर्माणका प्रयासहरूलाई प्राथमिकता दिने ।
- अपाङ्गता भएका व्यक्तिहरूमा भूकम्पले उत्पन्न गरेको शारीरिक र भावनात्मक अवस्थालाई सम्बोधन गर्न पुर्नस्थापना सम्बन्धी सेवाहरू उपलब्ध/सुचारू गर्ने ।
- स्थानीय तहले राहत, उद्धार तथा पुर्नस्थापना गर्ने कार्यमा अपाङ्गता भएका व्यक्तिहरू नछुटेको सुनिश्चित गर्ने,
- राहत वितरणमा नगद/जिन्सी/भाउचर आदि आवश्यकता र अवस्था अनुसार सहयोग गर्ने
- आश्रयस्थल निर्माण गर्दा अपाङ्गता भएका महिला, बालिका, स्तनपान गराउदै गरेका आमाहरूको आवश्यकतालाई ख्याल गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई बैंकहरूमा खाता खोल्नमा सहयोग गर्ने,
- राहत सामाग्रीहरू अपाङ्गता भएका व्यक्तिहरू ले नै पाएको सुनिश्चित गर्ने,
- भूकम्पको दौरान नष्ट वा हराएका महत्वपूर्ण कागजातहरूको प्रतिलिपि बनाउनमा स्थानीय तहहरूले आवश्यक सहयोग गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरू माथि भुकम्पको समयमा हुन सक्ने हिंसाका घटनाहरूको तत्काल उचित सम्बोधन गर्ने व्यवस्था मिलाउने ।

- भूकम्प पश्चात अपाङ्गता भएका व्यक्तिहरूको संख्या बढ्न सक्ने र अपाङ्गता भएका व्यक्तिहरूमा बहुअपाङ्गता देखिन सक्ने भएकोले भूकम्प पश्चात उक्त स्थानको खण्डिकृत तथ्यांक संकलन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूको अवस्था हेरेर स्वचालित रूपमा पाउने सेवा सुविधाहरू सम्मानक तरिकाले उपलब्ध गराउने ।

## ७.२. महामारी

नेपालमा संक्रमित रोगहरूको समयसमयमा फैलावट भई महामारीको रूप लिने तथा यसले ठूलो संख्यामा जन -धनको क्षति हुने गरेको छ । यस्ता महामारीले जनस्वास्थ्यमा ठूलो समस्या पैदा गर्ने गरेको देखिन्छ । जनचेतनाको कमी, पर्याप्त भौतिक पूर्वाधारको अभाव, श्रोत साधनको कुशल व्यवस्थापनको अभाव, दक्ष जनशक्तिको अपर्याप्तता जस्ता कारणले महामारी नियन्त्रणमा समस्या देखिने गरेको छ ।

### ७.२.१. महामारीले अपाङ्गता भएका व्यक्तिमा पार्न सक्ने अतिरिक्त प्रभाव

- अपाङ्गता भएका व्यक्ति शारीरिक रूपमा कमजोर हुनसक्छन् । अझ महामारीको अवस्थामा उनिहरूलाई अपाङ्गता नभएका व्यक्तिहरूको भन्दा जोखिम बढी हुनसक्छ ।
- विविध कारणले अपाङ्गता भएका व्यक्तिहरूलाई आफुलाई सफा राख्ने कुरामा ध्यान दिन कठिनाइ हुन्छ । (जस्तैः घस्रेर भुइँमा हिँड्ने, भित्ता समातेर हिँड्ने)
- आफुलाई परेको समस्या सजिलै स्वास्थ्यकर्मीको सामु राख्न नसक्ने हुन्छन् । त्यसमा पनि महिलाहरूलाई झन् बढी समस्या हुन्छ ।
- अनिवार्य प्रयोग गर्नुपर्ने औषधीहरू अपाङ्गता भएका व्यक्तिहरूले नियमित सेवन गर्न विर्सन सक्नछन् ।

### ७.२.२. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूको लागि महामारीबाट बच्नका लागि गर्नुपर्ने पूर्वतयारी

- बहुअपाङ्गता भएका (शारीरिक अपाङ्गता र दृष्टिविहिनता, शारीरिक अपाङ्गता र स्वर वोलाई सम्बन्धी अपाङ्गता आदि ) व्यक्तिहरू सधै सहयोगीहरू सँग रहने भएकोले श्रोत साधनको मितव्ययिता र कुशल व्यवस्थापन मार्फत महामारी लगायत सरूवा रोगहरूको रोकथाम, उपचार र नियन्त्रण तथा प्रभावित नागरिकको सामाजिक, आर्थिक पुनर्लाभको कार्यक्रमहरू तयार गरी कार्यन्वयन गर्ने ।
- दक्ष स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गर्दै नियमित क्षमता विकासमा लगानी गर्ने ।
- स्वास्थ्य संस्थाहरूको स्तरोन्नति तथा आधुनिक उपकरणयुक्त बनाउने ।
- महामारी तथा सरूवारोग सम्बन्धमा औपचारिक तथा अनौपचारिक विधिमार्फत सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- महामारी तथा सरूवा रोग सम्बन्धमा रोगको शीघ्र पहिचान, उचित उपचार, रोकथामका उपायहरूको शीघ्र अवलम्बन गर्ने ।
- फोहरमैलाको उचित व्यवस्थापन, सरसफाईको प्रबन्ध र स्वच्छ वातावरणको प्रवर्दन गर्दै नागरिकको स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितता प्रदान गर्ने ।
- सरोकार वाला निकाय, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र लगायतसँग समन्वय र सहकार्य गर्ने ।
- सुविधा सम्पन्न, अपाङ्तामैत्री सुरक्षित क्वारेन्टाइन स्थापना गर्ने ।
- खोप तथा औषधी वितरण योजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिने ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई महामारी प्रतिकार्य योजना र आपतकालीन उद्धारकर्ताहरूको लागि सञ्चालन गरिने प्रशिक्षणमा समावेश गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूकै लागि भनेर विपद उत्थानशिलता वृद्धिको लागि आवश्यक बजेट विनियोजन गर्ने ।

### ७.२.३. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूको लागि महामारी भइरहेको बेलामा तत्काल गर्नुपर्ने कार्य

- महामारीको प्रकृति अनुसार अपाङ्गता भएका व्यक्तिहरू संकटमा परेको जानकारी उद्धारकर्तालाई छिटो माध्यमबाट दिइ उद्धारको लागि उच्च प्राथमिकतामा राख्नुपर्ने ।
- महामारीको कारण थाहा नहुँदासम्म त्यसलाई बढ्न/फैलन नदिन र अपाङ्गता भएको व्यक्तिहरूलाई सुरक्षित तवरले राख्न सक्ने द्रुत प्रतिकार्य समूह निर्माण गर्नुपर्ने ।
- एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने खालको महामारीको हकमा अपाङ्गता भएका व्यक्ति तथा उनका सहयोगीहरूको स्वास्थ्यमा ध्यान दिने खालको विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- महामारी सम्बन्धी जानकारी ठूलो अक्षर, ब्रेल लगायत राज्यले निर्देशित गरेको अपाङ्गताका प्रकारहरूसँग मिल्दो जुल्दो र सुहाउने तथा बुझ्ने खालका हुनुपर्ने ।
- र्‍याम्प, पहुँचयोग्य शौचालय, सहयोगी सेवाहरू लगायत उपयुक्त सुविधाहरू भएको पहुँचयोग्य निकासी आवासहरूको पहिचान गर्ने ।

### ७.२.४. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूको लागि महामारी पश्चात गर्नुपर्ने कार्यहरू

- अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य सेवा, औषधि र आवश्यक सहयोगी सेवाहरूमा निरन्तर पहुँच भएको सुनिश्चित गर्ने ।
- एक्लोपना र तनाव कम गर्न महामारीबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गर्दै दिगो मानसिक स्वास्थ्य र सामाजिक सहयोग जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।
- महामारी पश्चात स्वास्थ्य अनुकुल पोषिलो खानेकुराहरू वितरण, नियमित

स्वास्थ्य जाँच तथा पुर्नस्थापना गर्ने कार्यमा अपाङ्गता भएका व्यक्तिरूलाई प्राथमिकतामा राख्ने ।

- महामारी पश्चात आवश्यकता र अवस्था अनुसार नगद/जिन्सी/भाउचर आदि सहयोग गर्ने ।
- महामारी पश्चात स्वास्थ्यकर्मीसँग सहज रूपमा कुराकानी गर्नको लागि अपाङ्गता भएको व्यक्तिहरूलाई दोभाषे वा आवश्यकता अनुसारको सहयोगीको व्यवस्था हुनुपर्ने ।
- महामारी पश्चात अपाङ्गता भएका व्यक्तिहरू माथि हुन सक्ने विभिन्न हिंसाका घटनालाई नजर गर्दै त्यसलाई रिपोर्टिंग गर्ने संयन्त्र बनाउने ।
- महामारी (जस्तै जिका भाइरस) पश्चात अपाङ्गता भएका व्यक्तिहरूको संख्या बढ्न सक्ने र अपाङ्गता भएका व्यक्तिहरूमा बहुअपाङ्गता देखिन सक्ने भएकोले महामारी पश्चात उक्त स्थानको खण्डिकृत तथ्यांक संकलन गर्ने ।
- अस्पताल, एम्बुलेन्स, मनोसामाजिक परामर्श जस्ता सेवा दिनेसंस्थाहरूको सम्पर्क नम्बरहरू देखिने गरि पालिकाको उपयुक्त स्थानहरूमा राख्ने ।

## ७.३. आगलागी

नेपालमा आगलागीका घटनाहरूले ठूलो मात्रामा धन र जनको क्षति हुने गरेको छ । मानवजन्य क्रियाकलापहरू नै आगलागीको प्रमुख कारण हो । हाम्रो बास स्थानको अवस्था, जनचेतनाको कमी लापरवाहि जस्ता कारणले आगलागीका घटनाहरू हुने गर्दछ । यस्ता घटनामा अपाङ्गता भएका व्यक्तिहरूले बढी जोखिम व्यहोर्नु परेको छ ।

### ७.३.१. आगलागीले अपाङ्गता भएका व्यक्तिमा पार्न सक्ने अतिरिक्त प्रभाव

अपाङ्गता भएका व्यक्तिहरू जस्तै सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूकै बासस्थानमा आगलागी भएको सूचना दिन पनि कठिन हुन्छ । अचानक आगलागी भएको अवस्थामा शारीरिक, दृष्टिविहीन लगायतका अपाङ्गता भएका

व्यक्तिलाई सूचना दिइएता पनि सुरक्षित स्थलसम्म लैजान समस्या हुन सक्दछ । आगलागीले अपाङ्गता भएका व्यक्तिमा बहुअपाङ्गता हुन गई थप संक्रमणको जोखिम बढ्न सक्दछ ।

## ७.३.२. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूको लागि आगलागीबाट बच्नका लागि गर्नुपर्ने पूर्वतयारी

- आगलागीको घटनाबाट बच्नका लागि गर्नुपर्ने पूर्वतयारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- आगलागीको घटनाबाट हुन् सक्ने सम्भावित हानि नोक्सानीको सम्भावनालाई मध्ये नजर राख्दै पूर्वाधारको वर्तमान अवस्थाबारे बुझ्न पूर्वाधारहरूको अडिट सञ्चालन गर्ने,
- खरको छाना भएको कारणले आगलागीका घटना बारम्बार हुने क्षेत्रहरूमा खरलाई विस्थपित गर्ने,
- आगोको प्रयोगलाई परिमार्जन गर्ने (जस्तैः सुधारिएको चुल्हो, गोवरग्याँसलाई प्रवर्द्धन गर्ने, विद्युतीय बत्तीको प्रयोग गर्ने, इन्डक्सन चुलोको प्रयोग गर्ने, विद्युत सम्बन्धी मापदण्डलाई अवलम्बन गर्ने, दमकल छिर्ने गरि बाटोलाई फराकिलो बनाउने, तलाउ, खोला जस्ता पानीको श्रोतको पहिचान गर्ने),
- स्वयमसेवकहरूको सूची बनाउने, तालिम प्रदान गर्ने र आगलागी भएको अवस्थामा उनीहरूलाई परिचालन गर्ने,
- स्थानीय अस्पतालहरूमा वर्न युनिटहरू स्थापना गर्ने र आवश्यक उपकरण तथा विशेषज्ञ चिकित्सकहरूको व्यवस्थापन गर्ने,
- दमकल तथा त्यससँग संबन्धित जनशक्तिको व्यवस्थापन गर्ने र अग्नि नियन्त्रकहरूको लागि आवधिक तालिमको व्यवस्थापन गर्ने,
- निश्चित अन्तरालमा आगलागी सम्बन्धी कृत्रिम घटना अभ्यासहरू गर्ने र त्यस्ता अभ्यासहरूलाई विद्यालयहरूमा नियमित सञ्चालन गर्ने र विद्यार्थीहरूको सहभागितालाई प्रवर्द्धन गर्ने ।

- अग्नि सुरक्षा सम्बन्धी लेखाजोखा गर्ने र आएको नतिजा र सुझाउ अनुरूप योजना बनाइ कार्यन्वयन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई स्पष्ट रूपमा सम्बोधन गर्ने व्यापक आपतकालीन योजनाहरू बनाउने र यी योजनाहरू राम्रोसँग अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँच योग्य भएको सुनिश्चित गर्ने,
- अग्नि सुरक्षा सम्बन्धी योजनाहरूको निर्माण र कार्यान्वयन गर्न स्थानीय अपाङ्गतासँग सम्बन्धित संघसंस्थाहरूसँग सहकार्य गर्ने,

## ७.३.३. स्थानीय तहले अपाङ्गगता भएका व्यक्ति तथा सहयोगीहरूका लागि आगालागीमा तत्कालै गर्नुपर्ने कार्य

- आगलागी भइरहेको अवस्थामा अपाङ्गता भएको व्यक्तिहरूको खोज, उद्धारमा प्राथमिकता दिने ।
- आगलागीबाट शरीरको विभिन्न भागमा जलेका अपाङ्गता भएका व्यक्तिहरूको अवस्था हेरेर उच्च प्राथमिकताका साथ उद्धार तथा उपचारमा लग्नुपर्ने ।
- प्रभावित अपाङ्गता भएका व्यक्तिहरूमा मानसिक विचलन आउन सक्ने अवस्थालाई ध्यानमा राखी उनिहरूमा आश्रित परिवारहरूको जिम्मेवारी उच्च प्राथमिकताका साथमा स्थानीय सरकारले लिनुपर्ने ।
- आगलागीले गर्दा वासस्थान मात्र नभइ उनिहरूले गरिरहेका स्वरोजगारका उपायहरू तथा चौपाया(घरगोठ)लाई पनि प्राथमिकताका साथ क्षति हुन नदिन प्रयास गर्ने ।

## ७.३.४. स्थानीय तहले अपाङ्गगता भएका व्यक्ति तथा सहयोगीहरूका लागि आगालागी पश्चात गर्नुपर्ने कार्य

- आगलागीबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूले पहुँचता सम्बन्धी कुरालाई ध्यान दिने तथा पूर्वाधार, आश्रयस्थल र सेवाहरू पुर्नस्थापना गर्नको लागि पुनर्निर्माणका प्रयासहरूलाई प्राथमिकता दिने ।

- आगलागीका कारण अपाङ्गता भएका व्यक्तिहरूको सहायक सामाग्री गुमाएका छन् भने उनीहरूलाई आवश्यक सहयोग गर्ने ।
- स्थानीय तहले आगालागी पश्चात राहत, उद्धार तथा पुर्नस्थापना गर्ने कार्यमा अपाङ्गता भएका व्यक्तिहरू नछुटेको सुनिश्चित गर्ने ।
- राहत वितरणमा आवश्यकता र अवस्था अनुसार सहयोग गर्ने ।
- नगद/जिन्सी/भाउचर आदि राहत र उद्धारमा अपाङ्गता भएका व्यक्तिहरूको संघ/संस्थाहरूलाई संलग्न गराउने ।
- स्थाइ वा अस्थाई आश्रय स्थल निर्माण गर्दा अपाङ्गता भएका महिला, बालिका, स्तनपान गराउदै गरेका आमाहरू, यौनिक तथा अल्पसंख्यकहरूलाई विशेष ध्यान दिनुपर्ने ।
- राहत सामाग्रीहरू अपाङ्गता भएका व्यक्तिहरूले नै पाएको सुनिश्चित गर्ने ।
- आगलागीको दौरान नष्ट वा हराएका महत्वपूर्ण कागजातहरूको प्रतिलिपि बनाउनमा स्थानीय तहहरूले आवश्यक सहयोग गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरू माथि हुन सक्ने विभिन्न हिंसाका घटनालाई नजर गर्दै त्यसलाई रिपोर्टिंग गर्ने संयन्त्र बनाउने ।
- घरमा भएका धन सम्पत्ति चोरी हुनसक्ने अवस्थालाई ध्यानमा राख्ने र अपाङ्गता भएका व्यक्तिहरूको सामाग्रीलाई विशेष ध्यान दिने ।
- अपाङ्गता भएका व्यक्तिहरूले जानी नजानी घटाएका घटनाहरूलाई आधार बनएर उनीहरूमाथि हुन सक्ने हिंसा अल्पकालिन तथा दिर्घकालीन अवस्थामा आउने समस्याहरूलाई सही तरिकाबाट समाधन गर्ने ।

## ७.४. बाढी तथा डुबान

नेपालमा मुलतः मनसूनको समयमा बाढीको अधिक जोखिम हुन्छ । जलवायु परिवर्तनसँगै वर्षातको स्वरूपमा भएको परिवर्तनले बाढी र डुवानजन्य घटनाहरू गुणात्मक रूपमा बृद्धि भएको छ । पहाडी भूभाग र उच्च हिमाली भेगहरूमा रहेको

हिमतालहरू पग्लने र विस्तार हुने प्रकृयाले बाढीजन्य घटनाहरूको जोखिममा नेपाल अग्रणी स्थानमा रहेको छ ।

### ७.४.१. बाढी तथा डुवानले अपाङ्गता भएका व्यक्तिमा पार्न सक्ने अतिरिक्त प्रभाव

- अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य रोग थपिने समस्या हुन सक्छ ।
- अपाङ्गता भएका व्यक्तिहरू तत्काल सुरक्षित स्थान तर्फ जान नसक्ने ।
- पूर्व सूचना प्रणाली पहुँच युक्त नभएको कारणले सहि समयमा सूचना नपाउँदा क्षतिको मात्रा बढ्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूको भौतिक तथा आर्थिक क्षति अपाङ्गता नभएका व्यक्तिहरूको तुलनामा बढ्ने ।
- बाढी तथा डुवानको समयमा अपाङ्गता भएका व्यक्तिहरूलाई शौचालयको प्रयोग गर्न, शुद्ध पिउने पानीको उपयोग गर्न, एक ठाउँबाट अर्को ठाउँमा जान कठिनाइ हुन्छ ।

### ७.४.२.स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूको लागि बाढी तथा डुवानबाट बच्न गर्नुपर्ने पूर्वतयारी

- वर्षायाम सुरू हुनु अगावै अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सहयोगको पूर्व अनुमान गर्ने । उनीहरूलाई पर्न सक्ने जोखिम बारे सचेत गराई आवश्यक परेमा सुरक्षित स्थानमा सार्नुपर्ने तर्फ सजग गराई राख्ने ।
- बाढी तथा डुवानको सम्भावित क्षेत्रहरूको पहिचान र नक्सांकन गरि ती क्षेत्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूको बसोबासको एकीन गर्ने ।
- पालिका स्तरमा पहिचान गरिएको विभिन्न प्रकोपहरूको जोखिम नक्शाङ्कन गरि विभिन्न स्थानमा सबैले बुझ्ने सक्ने गरी राख्ने ।
- एसएमएस सन्देशहरू जस्ता अन्य माध्यमहरू मार्फत चेतावनीहरू लगायत

पहुँचयोग्य पुर्व चेतावनी प्रणालीहरू स्थापना गर्ने र चेतावनीहरू स्पष्ट, छोटो र बुझ्न सजिलो भएको सुनिश्चित गर्ने ।

- कृत्रिम अभ्यास, पूर्व तयारीका कृयाकलापहरू (बाँध मर्मत, ढलको सफाई पश्चात ढकनी राम्रो सँग लागेको, तटबन्ध निर्माण, सुरक्षित स्थलको पहिचान र त्यहाँ जाने बाटो तथा पूर्वाधारको निर्माण वा मर्मत, क्लोरिन चक्की, अक्वा ट्याब तथा पियुष लगायत अन्य अत्यावश्यक सामाग्रीको भण्डारण तथा वृक्ष रोपणका कार्यक्रम) सञ्चालन गर्ने ।
- संकटासन्न व्यक्तिहरू खास गरि अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष सामाजिक तथा आर्थिक पुर्नलाभका कार्यक्रमको तर्जुमा गरि कार्यन्वयन गर्ने र कार्यक्रको प्रभावकारिताको निरन्तर अनुगमन गर्ने ।
- सर्पदंश, किटजन्य र अन्य पानीजन्य सरूवारोगहरूको बारेमा जनचेतनामूलक कार्यक्रमहरू तथा तालिमहरूको आयोजना गर्ने ।
- उद्धारको क्रममा व्यक्तिगत सहायता आवश्यक हुन सक्ने अपाङ्गता भएका व्यक्तिहरूलाई पहिचान गरि दर्ता गर्ने ।
- ठूलो अक्षर, ब्रेल र बुझ्न सजिलो भाषा जस्ता पहुँचयोग्य बाढी र डुबान तयारी सम्बन्धी जानकारीहरू विभिन्न ढाँचाहरूमा सम्प्रेषण गर्ने ।

### ७.२.३. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूका लागि बाढी तथा डुवान हुँदै गर्दा तत्कालै गर्नुपर्ने कार्य

- अपाङ्गता भएका व्यक्तिहरूलाई बाढी तथा डुवानको बेलामा उनीहरूको अपाङ्गताको अवस्था (जस्तैः दृष्टिविहिन, वहिरा, शारीरिक अपाङ्गता) हेरेर उद्धारमा विशेष ध्यान दिनुपर्ने ।
- बाढी तथा डुवानबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा लग्ने ।
- सुरक्षित स्थानमा लग्दा उहाँहरूले प्रयोग गर्ने सहायक सामग्री तथा औषधीहरू लगायतका महत्वपूर्ण सामग्रीहरू नछुटाउने ।

- अपाङ्गता भएका व्यक्तिहरूको घरगोठमा रहेका पशुहरूको समेत उद्धार गरिनुपर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई बाढी तथा डुवानको बेलामा सर्पदंश तथा किटजन्य र अन्य पानीजन्य सरूवा रोगबाट बचाउने ।

## ७.२.४. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूका लागि बाढी तथा डुवान पश्चात गर्नुपर्ने कार्य

- बाढी तथा डुवानको बेलामा घरहरू बगाउँदा वा घर डुवानमा पर्दा स्थानीय तहले सहयोग गर्ने ।
- मानिसको वर्ष भरी खाने अनाज बगाउँदा वा डुवानमा पर्दा त्यस्तो घर परिवारलाई कसरी खानेकुराबाट बञ्चित हुन नदिने भन्ने विषयमा ध्यान दिनुपर्ने ।
- घरको मानिसहरू बाढी तथा डुवानको कारण मृत्यु भइसकेको अवस्थामा त्यहाँको मानिसहरूको आघात र भावनात्मक पीडालाई सम्बोधन गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष मनोसामाजिक सहयोग र परामर्श सेवाहरू प्रवाह गर्ने ।
- प्रभावित अपाङ्गता भएका व्यक्तिहरूका लागि सार्वजनिक ठाउँहरू, आश्रयस्थलहरू र आधारभूत सेवाहरू पहुँचयोग्य बनाउन पुर्नस्थापनाका प्रयासहरूलाई प्राथमिकता दिने ।
- पुनर्लाभको चरणमा अपाङ्गता भएका व्यक्तिहरूको लागि चिकित्सा सम्बन्धी स्याहार, यातायात, र आवश्यक आपूर्तिहरू लगायत पहुँचयोग्य सेवाहरूको निरन्तर उपलब्धतालाई सुनिश्चित गर्ने ।
- स्थानीय तहले राहत, उद्धार तथा पुर्नस्थापना गर्ने कार्यमा अपाङ्गता भएका व्यक्तिहरू नछुटेको सुनिश्चित गर्ने ।
- स्थायी तथा अस्थायी आश्रय स्थल निर्माण गर्दा अपाङ्गता भएका महिला,

बालबालिका, स्तनपान गराउदै गरेका आमाहरू, गर्भवती महिला, यौनिक तथा अल्पसंख्यकहरूलाई विशेष ध्यान दिनुपर्ने ।

- नष्ट वा हराएका महत्वपूर्ण कागजातहरूको प्रतिलिपि बनाउनमा स्थानीय तहहरूले आवश्यक सहयोग गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरू माथि हुन सक्ने विभिन्न हिंसाका घटनालाई नजर गर्दै त्यसलाई रिपोर्टिंग गर्ने संयन्त्र बनाउने ।
- बाढी तथा डुवान पश्चात घरमा भएका धन सम्पत्ति चोरी हुनसक्ने तथा बगाउन सक्ने अवस्थालाई ध्यानमा राख्ने र अपाङ्गता भएका व्यक्तिहरूको सामाग्रीलाई विशेष ध्यान दिने ।

## ७.५. पहिरो

भिरालो र कमजोर भूबनोट तथा भौगर्भिक अवस्थितिका कारण नेपालका हिमाली,पहाडी,चुरे, महाभारत, भागहरूमा पहिरोको जोखिममा उच्च रहेको छ । भूकम्पीय पराकम्पन, वर्षाको स्वरूपमा भएको परिवर्तन, पूर्वाधार निर्माणमा जोखिमको मूल प्रवाहिकरण नहुँदा पहिरोको मात्रा र जोखिमलाई गुणात्मक रूपमा वृद्धि गरेको अध्ययनले देखाउँछ । यस प्रकारका प्रकोपले अपाङ्गता भएका व्यक्तिहरूलाई बढी प्रभावित पार्छ ।

### ७.५.१. पहिरोले अपाङ्गता भएका व्यक्तिमा पार्न सक्ने अतिरिक्त प्रभाव

- बर्षा याममा आउने पहिरोमा माटो र पानी दुवै बगेर आउन सक्ने हुनाले त्यस्तो अवस्थामा अपाङ्ता भएको व्यक्ति सुरक्षित रहन ठूलो चुनौती रहन्छ ।
- पहिरोमा घर सँगसँगै अपाङ्गता भएका व्यक्तिहरू पनि पुरिँदा आफुलाई उद्धार गर्नको लागि सूचना प्रवाह गर्न नसक्ने हुन्छन् ।
- पहिरोका कारण बहुअपाङ्गताको जोखिम बढ्न सक्छ ।
- सुख्खा पहिरो जाने स्थानमा पनि अपाङ्गता भएका व्यक्तिहरू असुरक्षित हुन्छन् ।

### ७.५.२. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूका लागि पहिरोबाट बच्न गर्नुपर्ने पूर्वतयारी

- पहिरोको सम्भावित क्षेत्रहरूको पहिचान र नक्सांकन गरी ती क्षेत्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूको बसोबासको एकीन गर्ने ।
- जोखिम संवेदनशिल भू-उपयोग योजना निर्माण गरी लागु गर्ने । विशेष गरी प्राकृतिक विपद्हरूको जोखिम क्षेत्रहरूमा पहुँचयोग्य भवनका प्रवेशद्वारहरू, र्याम्पहरू, र मार्गहरू जस्ता अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राखेर क्षेत्र (Zoning) र विकासका संहिताहरूलाई एकीकृत गर्ने ।
- पहिरो र भू-स्खलन बढी हुने ठाउँमा रहेका बसोवासलाई अन्यत्रै सुरक्षित ठाउँमा सार्ने/ पहल गर्ने र त्यस्ता स्थानहरूमा अपाङ्गमैत्री सूचना प्रणालीबाट जोखिमको जानकारीहरू दिने व्यवस्था मिलाउनु पर्ने ।
- पूर्व सूचनामा आधारित सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- खोज तथा उद्धार र राहतको उचित व्यवस्थापन गर्ने र सो सम्बन्धी तालिम व्यवस्थापन गर्ने ।
- खास गरि अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष सामाजिक तथा आर्थिक पुर्नलाभका कार्यक्रमको तर्जुमा गरि कार्यन्वयन गर्ने र कार्यक्रको प्रभावकारिताको निरन्तर अनुगमन गर्ने ।
- अपाङ्गतामैत्री उत्थानशील पूर्वाधार निर्माणमा जोड दिने ।
- अपाङ्गता भएका व्यक्तिहरू लगायतलाई पहिरोको जोखिम, चेतावनीका सङ्केतहरू र उपयुक्त प्रतिकार्यहरूबारे जानकारी गराउन शैक्षिक अभियानहरू सञ्चालन गर्ने ।
- उद्धार मार्गहरू ह्वीलचेयर-पहुँचयोग्य भएको र उद्धार केन्द्रहरूमा पहुँचयोग्य सुविधाहरू भएको सुनिश्चित गर्ने ।
- स्वयमसेवकहरूको विज्ञहरूको सूची(रोस्टर) बनाउने, तालिम प्रदान गर्ने र पहिरो गएको स्थानमा उनीहरूलाई परिचालन गर्ने ।

### ७.५.३. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूका लागि पहिरो हुँदै गर्दा तत्कालै गर्नुपर्ने कार्य

- पहिरोबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा लग्ने ।
- सुरक्षित स्थानमा लग्दा उनीरूले प्रयोग गर्ने सहायक सामग्री तथा औषधीहरू लगायतका महत्वपूर्ण सामग्रीहरू छुटाउन नहुने ।
- अपाङ्गता भएका व्यक्तिहरूको घरगोठमा रहेका पशुहरूको समेत उद्धार गरिनुपर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई बाढी तथा डुवानको बेलामा उनिहरूको अपाङ्गताको अवस्था (जस्तैः दृष्टिविहिन, वहिरा, शारीरिक अपाङ्गता) हेरेर उद्धारमा विशेष ध्यान दिनुपर्ने ।

### ७.४.४. स्थानीय तहले अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूका लागि पहिरो पश्चात गर्नुपर्ने कार्य

- स्थानीय तहले राहत, उद्धार तथा पुर्नस्थापना गर्ने कार्यमा अपाङ्गता भएका व्यक्तिहरूलाई पहिलो प्राथमिकतामा राख्ने ।
- अपाङ्ता भएका व्यक्तिहरूको घरलाई बस्न योग्य बनाउने र जग्गा जमिनमा खेती गर्न उपयुक्त हुने अवस्थाको सिर्जना गर्नुपर्ने ।
- पहिरोको कारणले अपाङ्गता भएका व्यक्तिहरूको उपकरणहरू हराएको वा क्षति पुगेको भए तत्काल उपलब्ध गराउने ।
- अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सम्बन्धी जाँच गर्नुपर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरू हिंडडुल गर्ने बाटो तत्काल पहुँचयुक्त बनाउने ।
- पहिरोबाट उत्पन्न आघात र भावनात्मक पीडालाई सम्बोधन गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष मनोसामाजिक सहयोग र परामर्श सेवाहरू प्रवाह गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूको संघ/संस्थालाइ राहत र उद्धारमा संलग्न गराउने ।

- अपाङ्गता भएका व्यक्तिहरू माथि हुन सक्ने हिंसात्मक घटनाको जोखिमलाई आँकलन गरि उनिहरूलाई सुरक्षाको प्रबन्ध मिलाउनुपर्ने ।

## ७.६ स्थानीय तहको भूमिका

नेपाल भौगोलिक विविधताले भरिएकोले स्थानीय तहहरूको अवस्था फरक फरक रहेका छन् । हिमाली, पहाडी र तराई क्षेत्रमा भएका स्थानीय तहहरूको अवस्था एउटै हुँदैनन् । स्थानीय स्तरमा हुनसक्ने विभिन्न प्रकारका प्रकोपहरूको पत्ता लगाउनु पर्छ । जस्तैः लु(तातो हावा चल्ने), सितलहर, हिम पहिरो, चट्याङ आदि । जलवायु परिवर्तनको असरले जनजीवन जटिल बन्दै गएको कारण त्यसको प्रभावहरूलाई समेत दृष्टिगत गरेर विपद् प्रतिकार्यका दिर्घकालिन योजनाहरू तयार गर्नुपर्ने हुन्छ । यस्ता योजना तयार गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकतामा राख्नुपर्ने हुन्छ । स्थानीय स्तरमा बन्ने जुनसुकै नीति नियम तथा योजनाहरूमा अपाङ्गताको सवाल प्रमुख विषय बन्नुपर्छ । कानुनमा भएको व्यवस्था, संस्थागत तथा सामुहिक संरचना, आवधिकयोजना, बार्षिक बजेट लगायतका विषयहरूमा अपाङ्गताको विषय प्रमुख मुद्दा बन्नुपर्छ । त्यसपछि अपाङ्गता भएका व्यक्तिलाई पहुँचयुक्त तरिकाले सँगै राखेर छलफलबाट कसरी पूर्वतयारी, प्रतिकार्य र अगाडि बढ्ने भनेर छलफल गर्नु जरूरी हुन्छ । अपाङ्गताको सवालमा काम गर्ने संघसंस्था तथा सरोकारवालाहरूको सुझाव अनुसार काम गर्नु जरूरी हुन्छ ।

विपद्को बेलामा अपाङ्गता भएका व्यक्तिहरू कसरी जोगिने भन्ने विषयमा अनबिज्ञ नहुन् भन्नका लागि उनीहरूलाई उचित सचेतीकरण गर्नुपर्छ । उनीहरूलाई त्यस्तो बेलामा कसरी छिटो भन्दा छिटो सूचना प्रवाह गर्न सकिन्छ भनेर जानकारी समेत लिइ, सोही अनुसार सूचना प्रवाह गर्नुपर्छ । स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूको घरधुरीको जिपिएस ट्र्याकिङ गरेर राखेको खण्डमा विपद्को बेला उद्धार गर्न सहज हुन्छ । यसमा स्थानीय तह र सरोकारवाला निकायहरूले महत्वपूर्ण भूमिका खेल्न सक्दछन् ।

विपद् आउनु पूर्व अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा लग्ने कार्य र विपद् पश्चात उद्धार गर्ने बेलामा स्थानीय विपद् जोखिम व्यवस्थापन

समितिको मातहतमा रहने विभिन्न कार्यदलहरू मध्ये खोज तथा उद्धार कार्यदलका सदस्यहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकतालाई दृष्टिगत गरि उद्धार गर्ने सम्बन्धी तालिम उपलब्ध गराउनु पर्ने र त्यसका लागि उनीहरूलाई आधिकारिकताको पहिचान पत्र प्रदान गर्ने र सोको जानकारी पहिले देखि नै सम्बन्धित जोखिममा पर्न सक्ने अपाङ्गता भएका व्यक्ति र उनको परिवारलाई दिनुपर्ने हुन्छ । बिपद् पश्चात अपाङ्गता भएका व्यक्तिहरू र उनिहरू आश्रीत परिवारको जिवन यापनमा सहयेग पुग्ने र आर्थिक अवस्थामा टेवा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । अपाङ्गता भएका व्यक्तिहरूको बीमा गर्नको लागि बीमा कम्पनीहरूले नमान्ने तथा दृष्टिविहीनहरूले बैंकिंग लेनदेन गर्नका लागि खाता खोल्न नमिल्ने जस्ता गुनासोलाई सम्बोधन गर्न स्थानीय सरकारले सहजीकरणका लागि पहल गर्नु पर्छ ।

- विशेषतः अपाङ्गता भएका व्यक्तिहरूको लागि विपद्का बेलामा आइपर्ने समस्याहरू समाधान गर्नको बीमा स्थानीय तहले गरिदिनु पर्ने । साथै उनिहरूको बैंक खाता खोल्ने विषयमा सहजीकरणको भूमिका निर्वाह गरिदिनुपर्ने ।
- विपदका विभिन्न चरणहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी अवस्था हेरीकन क्यास/भौचर वा दुवै प्रणाली सुरू गर्नुपर्ने ।
- विपद्को नीति, नियम र योजनाहरूमा अपाङ्गता भएका तथा अपाङ्गताको क्षेत्रमा सरोकार राख्ने संघ संस्थाहरूलाई छुटाउन नहुने ।
- **विपद्को बेला प्रयोग गर्न सकिने** स्थानीय स्तरमा उपलब्ध हुने श्रोत साधनहरूको सूची तयार गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूको स्थानीय तहमा सञ्जाल निर्माण गर्ने ।

***

## ८. वासस्थान तथा सञ्चार सम्बन्धी आपतकालीन योजना

अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गतामैत्री तथा समावेशी शिविर वा बसोबासको व्यवस्था मिलाउन केही थप समय, साधन, सूचना तथा सञ्चार, ज्ञान सीप, सांकेतिक भाषा, आर्थिक तथा मानवीय श्रोत र सोचको आवश्यकता पर्दछ । अपाङ्गतामैत्री तथा समावेशी वसोवासको व्यवस्था कसरी गर्ने भन्ने विषयमा अपाङ्गता भएका व्यक्तिहरू स्वयं, व्यक्तिगत सहयोगी, अभिभावक, सांकेतिक भाषा दोभाषे, यस क्षेत्रमा काम गर्ने संघ संस्था र स्वयंसेवकहरूलाई बढी जानकारी हुनसक्दछ । तसर्थ विपद् पूर्वतयारीको चरणमा नै उनीहरूलाई समावेश गरिएमा विपद् भइरहेको अवस्थामा पनि उनीहरूसँग परामर्श गर्न सकिन्छ । कतिपय अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित आश्रयस्थल निर्माणमा पनि संलग्न गर्नुपर्दछ । सुरक्षित आश्रयस्थल आवत जावत तथा सम्पर्क गर्न सुरक्षित र सहज पहुँच भएको हुनुपर्दछ ।

सेवा तथा वस्तुहरूको वितरणमा प्राथमिकता दिई समतामूलक बनाउनुपर्दछ । शिविरमा आवश्यक मात्रामा अपाङ्गतामैत्री शौचालयको व्यवस्था हुनुपर्दछ । अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गतामैत्री तथा समावेशी शिविर वा बसोबासको व्यवस्था मिलाउँदा अपाङ्गता भएका महिला, बालिका र लैङ्गिक अल्पसंख्यकहरूले अन्य व्यक्तिहरूले भन्दा बढी यौनजन्य हिंसाको जोखिम वा समस्याको सामना गर्नुपर्ने हुनसक्दछ । तसर्थ त्यस्तो समूहलाई विशेष ध्यान दिन जरूरी हुन्छ । वि. सं. २०७२ को भूकम्पमा शिविरभित्रैबाट पनि मानसिक तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू हराएको उदाहरण भएकोले त्यस्ता व्यक्तिलाई कसरी सुरक्षित राख्ने भनेर सोही अनुसारको निगरानी गर्न सकिने बासस्थान बनाउनु पर्दछ । बासस्थान, सेवा, साधन तथा सञ्चार सम्बन्धी सम्भावित जोखिम, समस्या, बाधा, अड्चन र समाधानको उपायहरू देहायमा उल्लेख गरिएको छ ।

## ८.१. बासस्थान सेवा तथा साधनहरूको पहुँचमा उत्पन्न हुनसक्ने बाधा अड्चनहरू र समाधानका उपायहरू

| सम्भावित बाधा अड्चनहरू | समाधानका उपायहरू |
|---|---|
| १. क्रियात्मक सीमितता, दृष्टिविहीनता वा कम देख्ने भएका कारण, मानसिक वा बौद्धिक कार्यगत बिचलनका कारण उनीहरूको हिँडाइ वा आवत जावतमा ढिलाइ हुन गई यथा समयमा सूचना वा जानकारी प्राप्त गर्न नसकेको हुन सक्दछ । | १. कुनै एउटा सहज स्थान तोक्ने जहाँ स्वयं अपाङ्गता भएका व्यक्तिहरू जान सक्छन् वा जहाँबाट अपाङ्गता भएका व्यक्तिहरूका अभिभावक, हेरविचार गर्ने व्यक्ति र स्वयंसेवकहरूले आवश्यक जानकारी वा सेवा साधन प्राप्त गर्न सक्दछन् र अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराउन सक्दछन् । जस्तो कि खाना, लत्ताकपडाहरू, पाल, पकाउने भाँडा–कुँडाहरू, ह्विलचेयर, वैशाखी, सेतो छडी, पकाउने चुलो, ब्रेल वा आवाजमा सूचना, दोभाषेको व्यवस्था, श्रवण यन्त्र र ब्याट्री, पोष्टर, पम्पलेट, बुकलेट, क्यालेन्डर आदि । |
| २. श्रवण शक्ति कम भएका वा दृष्टिविहीनता वा कम देख्ने व्यक्तिले सहजै पढ्न वा देख्न नसक्ने किसिमको सूचना वा जानकारीका कारण उनीहरू त्यस्तो सूचना वा जानकारीबाट बन्चित भएको हुन सक्दछन् । | २. सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको लागि खतराको जनाउ दिन फल्यास लाइट आदिको व्यवस्था गर्ने । साथै उद्धारकर्ता लगायतले मास्क लगाउनु पर्ने अवस्था भएमा सकेसम्म पारदर्शी मास्क प्रयोग गर्ने । साथै अन्य मनोसामाजिक परामर्श समेतको व्यवस्था गर्ने । |

| | |
|---|---|
| ३. शारीरिक, मानसिक, यौनिक तथा अन्य आघात पुग्ने काम कुराहरू भएको हुन सक्दछ । | ३. महिला स्वयंसेविकाहरू समेतको व्यवस्था गर्नु पर्दछ । आवश्यकतानुसार सुरक्षाकर्मीको व्यवस्था गर्ने वा सहयोग लिने । गुनासो, उजुरी वा सिकायत सुनुवाई गर्ने डेस्क खडा गरी तत्काल परामर्श दिने । |
| ४. सेवा साधनहरूको वितरणमा आवश्यक ध्यान नपुगेको हुन सक्दछ । | ४. समतामूलक सेवा साधनहरू प्राथमिकता सहित वितरणको व्यवस्था मिलाउने । |

माथि उल्लेखित विभिन्न समस्या तथा समाधानहरू लगायत शिविर तथा आवास व्यवस्थापनका कुराहरूमा स्थानीय तहले कुनै पनि दस्तावेजीकरण गरेको छ भने यही दस्तावेजलाई आधार मान्ने र स्फियर मापदण्ड र समावेशी मापदण्डलाई आधार मानेर अपाङ्गता भएका व्यक्ति तथा उनीहरूको परिवार/सहयोगीसँग काम गर्ने । त्यसको लागि स्थानीय निकायका प्रतिनिधिहरूलाई स्पेयर मापदण्ड र समावेशी मापदण्डको तालिमहरू प्रदान गर्ने ।

***

# अनुसुचीहरू

## अनुसूची १

### स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्राथमिकतामा रहेका सहायक उपकरणहरूको सूची

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपालको प्राथमिकतामा रहेका सहायक उपकरणहरूको सूची, २०१८ ले निम्नानुसार प्राथमिक सहायक उपकरणहरू तय गरेको छः

**१. हिँडडुलका सहायक सामग्री**

- बैशाखी / Crutches
- हिँडडुल गर्नका लागि लौरो तथा छडी / Walking sticks and canes
- हिँडडुल गर्नका लागि सहारा / Walker
- पाया भएको मेच (व्हीलचेयर) / Wheel chairs
- लोवर लिम्ब ओर्थोसेस / Lower limbs Orthoses
- मेरूदण्डसम्बन्धी (स्पाईनल) अर्थोसेस / Spinal Orthoses
- लोअर लिम्ब प्रोस्थेसेस / Lower limbs prostheses
- अपर लिम्ब प्रोस्थेसेस / Upper limb prostheses
- अपर लिम्ब ओर्थोसेस / Upper limb Orthoses
- विकासात्मक विलम्ब भइरहेका बालबालिकाका लागि विशेष सामग्री तथा उपकरणहरू / Special devices for children with developmental delays
- अन्य उत्पादनहरू / Other products

**२. दृष्टिसम्बन्धी सहायक सामग्री**

- चश्मा / Spectacles
- आवर्द्धक सामग्री उपकरणहरू / Magnifying devices
- स्पर्श गरेर थाहा पाउने (ट्याक्टाईल) टी / Tactile sticks
- अन्तरक्रिया गर्न सहयोगी हुने उत्पादनहरू / Interactive products
- लेख्ने कार्यमा सहयोग हुने उत्पादन / Writing products

- अन्य उत्पादनहरू / Other Products

**३. सुन्ने कार्यमा उपयोग हुने सहायक सामग्री उपकरण**

- सुन्नका लागि सहयोग हुने सामग्री उपकरण / Hearing Aids
- सञ्चारसम्बन्धी उत्पादनहरू / Communication products
- सङ्केत दिनका लागि उपयोग हुने उत्पादनहरू / Signaling products
- अन्य उत्पादनहरू / Other Products
- गैह-विद्युतीय सम्बर्धनात्मक तथा वैकल्पिक सञ्चारका सहायक सामग्री / Non-electronic augmentative and alternative communication
- विद्युतीय सम्बर्धनात्मक तथा वैकल्पिक सञ्चारका सहायक सामग्री/ Electronic augmentative and alternative communication

**४. संज्ञानात्मक (अनुभूति) सहायक सामग्री**

- बहुउपयोगका व्यक्तिगत डिजिटल सहायक सामग्री (जस्तैः ब्याट्रीले चल्ने कम्प्युटर जुन जहाँ पनि प्रयोग गर्न सकिन्छ र मोबाईल फोन (जस्तै स्मार्टफोन र ट्याब्लेटहरू) / Personal Digital Assistance (such as battery powered computers that can be used anywhere –mobile phones such as smart phones and tablets)
- स्मरणशक्तिका लागि सहायक सामग्रीहरू (जस्तै पिल अर्गनाइजर्स)/ Memory Aids (such as pill organisers)
- समय बताउने उपकरणहरू / Time devices
- पूर्वसूचना दिने र सचेत गराउने (अलार्म) सामग्री उपकरण / Alarms

**५. वातावरण सम्बन्धी**

- कुर्सी/ Chairs
- शैय्या / Beds
- पाङ्ग्रा भएको मेच (व्हीलचेयर) मा जडान गरिने सहायक सामग्री उपकरण / Wheelchairs accessories

# अनुसूची २

## महत्वपूर्ण सम्पर्कहरू

राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल
संघीय कार्यालय
भृकुटीमण्डप, काठमाडौं
पोष्ट बक्स नम्बर ९१८८
फोनः + +977-1-4331159
फ्याक्सः +977-1-4229522

### प्रादेशिक कार्यालयहरू

**कोशी प्रदेश**

कार्यालयको ठेगानाः बिराटनगर - १२ प्रगति टोल
कार्यालयको फोन ०२१ ५१७४२२
इमेलः province1@nfdn.org.np

**मधेश प्रदेश**

कार्यालयको ठेगानाः जनकपुर उपमहानगरपालिका वडा नं. ४, भ्रमरपुरा चोक
ईमेल : province2@nfdn.org.np

**बागमति प्रदेश**

कार्यालयको ठेगानाः जिल्लाःमकवानपुर, हेटौडा उपमहानगरपालिका, वडा नं. २, बासुदेवमार्ग
कार्यालयको सम्पर्क नं.: ०५७–५२४६५१
ईमेल : province3@nfdn.org.np

**गण्डकी प्रदेश**

कार्यालयको ठेगानाः पोखरा महानगरपालिका वडा नं. ४, तेर्सापट्टि, घर नं. ८७.५, कास्की
कार्यालयको सम्पर्क नं.: ०६१–५८८७५८
ईमेल : gandaki@nfdn.org.np

**लुम्बिनी प्रदेश**

कार्यालयको ठेगानाः मिलनचोक-०८, बुटवल

कार्यालयको फोन नंः ०७१-५४६८७५

ईमेलः province5@nfdn.org.np

**कर्णाली प्रदेश**

कार्यालयको ठेगानाः कर्णाली प्रदेश, सुर्खेत, वीरेन्द्रनगर ०७, इत्रम भानु टोले, घर नं २२-००-१०-११

कार्यालय टेलिफोन/फ्याक्सः ०८३-५२२९८

कार्यालय इमेलः karnali@nfdn@gmail.com

**सुदूरपश्चिम प्रदेश**

कार्यालयको ठेगानाः धनगढी उपमहानगरपालिका-५ हसन्पुर (नेपाल राष्ट्र बैक पछाडि)

फोन नंः ०९१-५२३८२६

ईमेलः province7@nfdn.org.np

**अन्य महत्वपूर्ण सम्पर्कहरू**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल रूम | १०० |
| संकटकालीन अवस्थामा (प्रहरी) | ०१४२२८४३५ |
| दमकल | १०१ |
| एम्बुलेन्स | १०२ |
| ट्राफिक प्रहरी | १०३ |
| ब्लड बैंक | ०१५१८६३९० |
| शव वाहन सेवा | ०१४४९२९९९ पशुपति<br>०१४४७८१११ बानेश्वर<br>०१४२५५५४१ फसिकेब, न्यूरोड (नि(:शुल्क) |
| वीर अस्पताल | ०१४२२१९८८, ४२२१११९ |
| त्रि.वि शिक्षण अस्पताल, महाराजगंज | ०१४५१२७०७, ४५१२५०५, ४५१२५०३ |

| | |
|---|---|
| पाटन अस्पताल | ०१५५२२७८, ५५२१०३४, ५५२२२६६ |
| टेकु अस्पताल | ०१५३५३३९५, ५३५३३९६ |
| प्रसुतिगृह | ०१५३६१३६३, ५३५३२७६, ५३१२५६८ |
| हिंसा भएमा | राष्ट्रिय महिला आयोग, स्थानीय न्यायीक समिति,जिल्ला तथा इलाका प्रहरी कार्यालय |
| नेपाल रेडक्रस सोसाइटीको एम्बुलेन्स | ०१४२२८०९४, काठमाण्डौं<br>०१५५४५६६६ ललितपुर<br>०१६६१२२६६ भक्तपुर |

**प्रादेशिक अस्पतालहरू**

**कोशी प्रदेश**

| | |
|---|---|
| वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | ०२५-५२५५५५ |
| कोसी अस्पताल, विराटनगर | ०२१-५१४२३४ |
| मेची अस्पताल, भद्रपुर | ०२३-५२३०२४ |

**मधेश प्रदेश**

| | |
|---|---|
| प्रादेशिक अस्पताल, जनकपुर | ०४१-५२०१३३ |
| गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताल, राजविराज | ०३१-५२०१५५ |
| नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगंज | ०५१-५३३५३३ |

**बागमती प्रदेश**

| | |
|---|---|
| धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोक | ०११-४९०४९७ |
| पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन | ०१-५५२२२९५ |
| त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगंज | ०१-४५१२३०३ |
| वीर अस्पताल, काठमाडौं | ०१-४२२१११९ |
| श्री वीरेन्द्र अस्पताल, छाउनी | ०१-४२७४०१९ |

निजामति कर्मचारी अस्पताल (सिभिल सर्भिस अस्पताल),

| | |
|---|---|
| मीनभवन | ०१-४१०७००० |
| भक्तपुर अस्पताल, भक्तपुर | ०१-६६१०७९८ |
| भरतपुर अस्पताल, भरतपुर | ०५६-५९७००३ |

**गण्डकी प्रदेशः**

| | |
|---|---|
| पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, रामघाट | ०६१-५२०४६१ |
| धौलागिरि अस्पताल, बागलुङ | ०६८-५२०१८८ |

**लुम्बिनी प्रदेश**

| | |
|---|---|
| भेरी अस्पताल, बाँके | ०८१-५३४१२० |
| लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल | ०७१-५४०२४८ |
| राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही, दाङ | ०८२-४०००३५ |
| राप्ती अस्पताल, तुलसीपुर, दाङ | ०८२-५२१६२४ |

**कर्णाली प्रदेशः**

| | |
|---|---|
| कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | ०८७-५२०११५ |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल, सुर्खेत | ०८३-५२०२०० |

**सुदूरपश्चिम प्रदेशः**

| | |
|---|---|
| डडेलधुरा उप-क्षेत्रीय अस्पताल, अमरगढी | ०९६-४१०३७२ |
| सेती अञ्चल अस्पताल, कैलाली | ०९१-५२१२७१ |
| महाकाली अञ्चल अस्पताल, कञ्चनपुर | ०९९-५२१३९३ |

# अनुसूची ३

## प्रमुख जोखिमहरूबाट बच्नका लागि अपाङ्गता भएका व्यक्तिहरूले गर्नुपर्ने पूर्वतयारीहरू

अपाङ्गता भएका व्यक्ति तथा सहयोगीहरूले तल दिईएक प्रमुख जोखिमहरू बारेमा बुझेर आवश्यक पूर्वतयारी गर्नुपर्दछ ।

**१. अपाङ्गता भएका व्यक्तिहरू तथा व्यक्तिगत सहयोगीहरूले भूकम्पबाट बच्नका लागि गर्नुपर्ने पूर्वतयारी**

१. घरबाट निस्कने बाटोको नक्सांकन गर्ने र सोबारे अभ्यस्त भइ रहने ।

२. बासस्थान आसपासमा भएका खुल्ला तथा सुरक्षित ठाउँहरूको पहिचान गरि राख्ने ।

३. सहायक सामग्री जस्तै व्हिलचियर, सेतो छडी, श्रवण यन्त्र, क्याथेडर, युरिनल ब्याग आदि एवं अपाङ्गता समावेशी झटपट झोला तयारी अवस्थामा राख्नुकासाथै आफ्नो पहुँच हुने स्थानमा राख्ने ।

**२. अपाङ्गता भएका व्यक्तिहरूले भूकम्पको समयमा तत्कालै गर्नुपर्ने कार्यहरू**

१. आफू संकटमा परेको जानकारी अरूलाई दिनको लागि चाहिने सिट्ठी, संकेत बत्ती, कार्ड जस्ता सामाग्री वा उपकरण सकेसम्म साथमै राख्ने ।

२. व्यक्तिगत सहयोगी वा अभिभावकले समेत विपद्को अवस्थामा र विपद् पछि उद्धार र पुनःर्स्थापनाको चरणमा कसरी बच्ने र बचाउने भन्ने सम्बन्धमा आधारभूत ज्ञान, सीप तथा तालिम हासिल गर्नुपर्ने ।

३. भूकम्पले हल्लाएको बेला हडबड नगर्ने, भऱ्याङ, लिफ्ट वा स्केलेटर आदिको प्रयोग नगर्ने । घरको माथिल्लो तलाबाट हाम नफाल्ने ।

४. भूकम्पले हल्लाएको बेला सकेसम्म वरपर उपलब्ध सुरक्षित वस्तुहरू टाउको माथि राख्ने । दुवै हात टाउको माथि राखेर टाउको जोगाउने

प्रयास गर्ने । सकेमा घुँडा टेकेर, घोप्टो परेर टाउको समातेर गुडुल्किने ।

५. ह्विलचेयर प्रयोगकर्ताले ह्विलचेयरमा गुणस्तरिय थर्मकोल फोमलाई संधै राख्ने ताकि भूकम्प जस्ता विपद् मा टाउको जोगाउन उक्त सामाग्री प्रयोग गर्न सकियोस् । भूकम्पको समयमा ह्विलचेयरको चक्का लक गर्ने ।

६. बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरण सापेक्ष क्रियाकलाप गर्न नसक्ने व्यक्तिहरूले सामान्यतया भूकम्पको बेलामा पनि रमाइलो मानेर वा भूकम्पको जोखिम थाहा पाउन नसकेर सुरक्षित स्थानतर्फ जान नमान्ने हुन सक्दछन् । यस्तो बेला उनीहरूलाई आफूसँगै भूँइमा बसाएर गुडुल्कि मार्न लगाउन प्रयास गर्ने ।

७. भूकम्प रोकिए पछि मात्र भऱ्याङ प्रयोग गर्ने ।

८. भूकम्पपछि पराकम्पन आउन सक्ने भएकोले आफू सुरक्षित स्थान तर्फ लाग्ने ।

९. एक्लै भएको बेला र आफै जोखिममा पर्न सक्ने अवस्था आएमा आफ्नो सुरक्षालाई प्राथमिकतामा राखेर मात्र अरूलाई उद्धार गर्न कोशिश गर्ने ।

३. अपाङ्गता भएका व्यक्तिहरू तथा व्यक्तिगत सहयोगीहरूले महामारीबाट बच्नका लागि गर्नुपर्ने पूर्वतयारी

१. भिडभाड हुने ठाउँमा नजाने ।

२. आवश्यक नपरेसम्म अरू व्यक्तिसँग सम्पर्क नगर्ने ।

३. सकभर विद्युतीय माध्यमबाट कारोबार गर्ने ।

४. भिडभाड हुने ठाउँमा गएर काम गर्नुको सट्टा घरैमा बसेर काम गर्ने ।

५. आवश्यक वस्तुहरू संकलन गरी राख्ने ।

६. अरूको हेरचाह चाहिने व्यक्तिहरूले उचित प्रकारको सुरक्षा उपाय अपनाउने ।

७. मद्दतको लागि चाहिने वस्तुहरू बेला बेलामा राम्ररी निसंक्रमण गर्ने ।

**४. अपाङ्गता भएका व्यक्तिहरू तथा सहयोगीहरूले महामारीको समयमा तत्कालै गर्नुपर्ने कार्यहरू**

१. अपाङ्गता भएका व्यक्तिहरूलाई हेरचाह गर्ने व्यक्तिगत सहयोगीहरूलाई हरदम आफू निकट राख्ने ।

२. आफ्नो स्वास्थ्य सम्बन्धी जानकारी नजिक रहेकालाई दिने ।

३. स्वास्थ्यकर्मीको सल्लाह बिना औषधीहरू नखाने ।

४. स्वच्छ पानी तथा खानेकुराहरू मात्र खाने ।

५. दिनहुँ नुहाउने र समय समयमा हात धुने लगायतका शारीरिक स्वच्छता कायम राख्ने ।

६. सहायक सामग्रीहरू प्रयोग गर्नु अघि निसंक्रमण गर्ने ।

५. अपाङ्गता भएका व्यक्तिहरू तथा व्यक्तिगत सहयोगीहरूले आगलागीका समयमा गर्नुपर्ने पूर्वतयारी

१. सम्भव भएसम्म घरमा आगलागी सूचक यन्त्र जडान गर्ने ।

२. महिनाको एक पटक उक्त यन्त्रको जाँच गर्ने ।

३. आगलागी भएमा सुरक्षित निकास मार्गबारे जानकारी राख्ने ।

४. आवश्यक पर्दा तुरून्त पाइने गरि अग्नी समन यन्त्र र आगो निभाउने व्ल्यांकेट तयारी हालतमा राख्ने ।

५. आगो निभाउन आवश्यक पर्ने पानी लगायतका अग्नी समन सामग्रीहरू यथा समयमा उपलब्ध हुनसक्ने व्यवस्था मिलाउने ।

६. छरछिमेकलाई आफ्नो बारेमा जानकारी दिने ।

**६. अपाङ्गता भएका व्यक्तिहरू तथा व्यक्तिगत सहयोगीहरूले आगलागीको समयमा तत्कालै गर्नु पर्ने कार्यहरू**

१. आगो लागेको स्थानबाट भाग्न निकास नहुँदा र धुवाँ धेरै गुम्सिएको अवस्थामा धुवाँ भुइँतिर कम र माथि धेरै हुने हुनाले सास फेर्न सजिलोको लागि भुइँमा लमतन्न अवस्थामा रहने । सजिलो महसुस हुनासाथ सुरक्षित स्थान तर्फ प्रस्थान गर्ने ।

२. आगलागी नियन्त्रणका घरेलु उपायको जानकारी राख्ने । सम्भव भएसम्म तालिम लिने ।

३. अग्नी समन यन्त्र र आगो निभाउने व्ल्यांकेट प्रयोग गर्ने ।

४. आगलागीको प्रकार हेरेर आगलागी नियन्त्रणका लागि पानी लगायतका उपयुक्त सामाग्रीहरू उपयोग गर्ने ।

**७. अपाङ्गता भएका व्यक्तिहरू तथा व्यक्तिगत सहयोगीहरूले बाढीबाट बच्नका लागि गर्नुपर्ने पूर्वतयारी**

१. वर्षायाम सुरू हुनु अगावै अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सहयोगको पूर्व अनुमान गर्नुपर्दछ । उनीहरूलाई पर्न सक्ने खतराबारे सचेत गराई जरूरत परेमा सुरक्षित स्थानमा सार्नुपर्ने तर्फ सजग गराई राख्नुपर्ने ।

२. परिवारका सदस्यहरू र समुदायका सहयोगीहरू मिलेर मद्दत गर्ने समूह बनाउनुपर्ने ।

३. स्वास्थ्य सम्बन्धी जानकारीसहित सबैको सम्पर्कमा रहनुपर्ने ।

४. घर वरिपरी रहेका अग्ला एवं सुरक्षित स्थानहरूको पहिचान गरिराख्नु पर्ने ।

५. दूषित पानीबाट सर्ने रोगहरूबाट बच्न बाढीको पानी प्रयोग नगर्ने ।

६. क्लोरिन चक्की, अक्वा ट्याब, पियुष आदी प्रयोग गरि पानी शुद्ध बनाएर वा उमालेर मात्र पिउनु पर्ने ।

**८. अपाङ्गता भएका व्यक्तिहरू तथा व्यक्तिगत सहयोगीहरूले बाढीको समयमा तत्कालै गर्नु पर्ने कार्यहरू**

१. अन्यत्र सार्नु पर्ने अपाङ्गता भएका व्यक्तिहरूको मद्दतका लागि तयार रहनुपर्ने ।

२. अन्यत्र सार्न नसकेमा पानीबाट नडुबेका घरका माथिल्ला तलाहरूमा लैजानुपर्ने ।

३. अत्यावश्यक वस्तुहरू (जस्तैः औषधी, पानी, खाद्यान्न आदि) को उपलब्धता सुनिश्चित गर्नुपर्ने ।

४. बाढीको पूर्व चेतावनी दिने एप्सहरू पहुँचयुक्त ढाँचामा प्राप्त गर्ने कुरा सुनिश्चित गर्नुपर्ने । आफू जस्तै अन्य व्यक्तिलाई पनि सोको जानकारी दिनुपर्ने ।

५. आफ्नो परिवार वा स्वयंसेवकहरूलाई सांकेतिक भाषाको न्यूनतम ज्ञान भएको कुरा सुनिश्चित गर्नुपर्ने ।

६. बौद्धिक अपाङ्गता र अटिज्म भएका व्यक्तिहरूले स्वयं सुरक्षित हुने अवस्था नहुन सक्ने भएकोले परिवारका सदस्य वा स्वयंसेवकले यस्ता अवस्थामा उनीहरूलाई मनोरञ्जन हुने खालको सामाग्री देखाई सुरक्षित हुने स्थानतर्फ जान उत्प्रेरित गर्नुपर्ने ।

**९. अपाङ्गता भएका व्यक्तिहरू तथा व्यक्तिगत सहयोगीहरूले पहिरोबाट बच्नका लागि गर्नुपर्ने पूर्वतयारी**

१. पहिरो र भूस्खलन बढी हुने ठाउँबाट अन्यत्रै सुरक्षित ठाउँमा सर्ने प्रयत्न गर्नुपर्ने ।

२. खोला वा खहरे नजिकै भएको खण्डमा पानीको वहाव बढेको वा हिलो माटो बगाएर ल्याएको अवस्थामा सजग रहनुपर्ने ।

३. सुरक्षित तवरले भाग्न नसक्ने अवस्थामा टाउको बचाउन, टाउकोमा कपडा लगायतका वस्तु बेरेर बस्ने।

४. पहिरोमा व्हिलचेयर गुडाउन सम्भव नहुने भएकोले व्हिलचेयर प्रयोगकर्ताहरूले थप सुरक्षित हुन पहिरोको जोखिम पूर्वअनुमान गरेर बासस्थान सर्ने ।

५. सुरक्षित मार्ग पहिल्याउन दृष्टिविहीन व्यक्तिहरू तथा ज्येष्ठ नागरिकहरूका लागि डोरी टांगेर मार्ग निर्देश गर्ने ।

**१०. अपाङ्गता भएका व्यक्ति तथा व्यक्तिगत सहयोगीहरूले पहिरोको समयमा गर्नु पर्ने प्रतिकार्यहरू**

१. यथाशक्य चाँडो सुरक्षित स्थल तर्फ निर्धारित मार्ग पहिल्याउँदै जाने ।

२. सकेसम्म खुला र सम्म परेको ठाउँमा जाने ।

३. अत्यावश्यक वस्तुहरू (औषधि, पानी, खाद्यान्न आदि) को उपलब्धता सुनिश्चित गर्ने ।

# अनुसूची ४

प्रारम्भिक पहिचान प्रश्नावली प्रयोग मार्गदर्शनको विस्तृतीकरण

(**Q2Q Guideline**)

(२ देखि ४ वर्ष उमेर समूह)

| सि.नं. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| **म तपाईंको बालक/ बालिकामा हुनसक्ने कठिनाइहरूका बारेमा केही प्रश्नहरू सोध्न चाहन्छु ।** | | | |
| क्षेत्र **(Domain)** | दृष्टिसम्बन्धी | यस क्षेत्रको उद्देश्य बालबालिकामा फरक-फरक मात्रामा हुने दृष्टिसम्बन्धी कठिनाइ पहिचान गर्न हो । दृष्टिसम्बन्धी कठिनाइअन्तर्गत दिन वा रातमा देखमा हुने कठिनाइ, नजिक वा टाढाको बस्तु वा दृश्य देख्नमा हुने कठिनाइ, एउटा वा दुइवटै आखाले देख सक्ने क्षमतामा कमि र सिधा हेर्दा आखाले दे खुपर्ने दाया बायाका वस्तुहरू वा दृश्यहरू देख सक्ने क्षमतामा सीमितता जस्ता कुर ाहरू पर्दछन् । | |
| CF1. | के (नाम) ले चश्मा लगाउँछन् ? *(नोट: चस्मा भन्नाले पावरवाला चस्मा भन्ने बुझ्नुपर्छ ।)* | १. लगाउँछन्<br>२. लगाउँदैनन् | उत्तर २ हो भने, सिधै प्रश्न नं. ३ मा जानुहोस् ।<br>(२⇨**CF3**) |
| CF2. | के (नाम) लाई चस्मा लगाउँदा पनि देख्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | उत्तर १ देखि ४ हो भने, सिधै प्रश्न नं .४ मा जानुहोस् ।<br>१ ⇨ CF4<br>२⇨CF4<br>३⇨CF4<br>४⇨CF4 |

यो प्रश्नावली वासिङ्टन समूह/युनिसेफद्वारा सन् २०२२ मा तयार गरिएको मोड्युलको नेपाली अनुवाद हो ।

| | | | |
|---|---|---|---|
| CF3. | के (नाम) लाई देख्नमा कठिनाइ छ ?<br>*(नोटः यो प्रश्नको आशय चस्मा नलगाउँदा पनि देख्नमा कठिनाइ छ वा छैन भन्ने बुझ्नुपर्छ ।)* | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | |

| | | | |
|---|---|---|---|
| क्षेत्र **(Domain)** | सुनाइसम्बन्धी | यस क्षेत्रको उद्देश्य बालबालिकामा हुने सुनाइ क्षमतामा ह्रास वा सुनाइसम्बन्धी कुनै पनि कठिनाइ पहिचान गर्नु हो । यसअन्तर्गत एक वा दुवै कानको सुन्ने क्षमतामा कमि, होहल्ला वा शान्त वातावरणमा सुन्न सक्ने क्षमतामा कमि अथवा विभिन्न स्रोतबाट आउने आवाजलाई छुट्याउन नसक्ने क्षमता जस्ता कुराहरू पर्दछन् । यस क्षेत्रले सुन्न सक्ने तर सुनेर नबुझ्ने र बुझेर पनि वेवास्ता गर्न खोज्ने बालबालिकालाई समेट्दैन । यी विषयहरूलाई संचारसम्बन्धी क्षेत्रमा समेटिने छ । | |
| CF4. | के (नाम) ले सुन्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) प्रयोग गर्छन् ?<br>*(नोटः सुन्न सहयोग गर्ने यन्त्र भन्नाले सुन्ने क्षमता कम भएका व्यक्तिले आवाज सुन्नका लागि कानमा प्रयोग गर्ने यन्त्र वा साधन भन्ने बुझिन्छ ।)* | १. गर्छन्<br>२. गर्दैनन् | उत्तर २ हो भने, सिधै प्रश्न नं. ६ मा जानुहोस् ।<br>(२⇨CF6) |

| | | | |
|---|---|---|---|
| CF5. | के (नाम) लाई स॑न्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) लगाउँदापनि मानिसका आवाज वा गीत सङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | उत्तर १ देखि ४ हो भने, सिधै प्रश्न नं. ७ मा जानुहोस् ।<br>१ ⇨9CF7<br>२⇨CF7<br>३⇨CF7<br>४⇨CF7 |
| CF6. | के (नाम) लाई मानिसका आवाज वा गीत सङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | |

| | | | |
|---|---|---|---|
| क्षेत्र (Domain) | हिडडुलसम्बन्धी (मो बिलिटी) | यस क्षेत्रको उद्देश्य बालबालिकाको शरीरका अंगहरूको चालमा हुने कठिनाइ (Gross Motor Difficulty) पहिचान गर्ने हो । शरीरको चालसम्बन्धी सीपको उपयुक्त मापन भनेको हिँडाइ हो किनभने यसमा गुरूत्वको विरूद्धमा शरीरको चाल, बल, सन्तुलनमा नियन्त्रण गर्ने एकीकृत क्षमताको आवश्यकता पर्छ । | |
| CF7. | के (नाम) ले हिँड्नका लागि कुनै सहायक सामग्री वा कसैको सहयो ग लिन्छन् ?<br>*(नोटः सहायक सामग्री भन्नाले व्यक्तिले हिडडुल गर्न प्रयोग गने ' सामग्रीहरू बुझ्न' पर्छ, जस्तै, बैशाखी, वाकर, ह्वीलचेयर, क्यालिपर, लौरो आदि ।)* | १. लिन्छन्<br>२. लिँदैनन् | उत्तर २ हो भने, सिधै प्रश्न नं. १० मा जानुहोस् ।<br>(२⇨CF10) |

| | | | |
|---|---|---|---|
| CF8. | के (नाम) लाई कुनै सहायक सामग्री तथा कसैको सहयोगबिना हिंड्न कठिनाइ छ ? *(नोटः कसैको सहयोग भन्नाले हिडडुलको लागि लिइने मानवीय सहयो ग भन्ने बुझ्नु पर्दछ, जस्तै डो-याउने, समातेर हिडाउने, ह्वीलचेयर गुडाउन मद्दत गर्ने ।)* | १. केहि कठिनाइ छ<br>२. धेरै कठिनाइ छ<br>३. पटक्कै हिंड्न सक्दैनन् | |
| CF9. | के (नाम) लाई कुनै सहायक सामग्री तथा कसैको सहयोग लिंदा पनि हिंड्न कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिंड्न सक्दैनन् | उत्तर १ देखि ४ हो भने, सिधै प्रश्न नं ११ मा जानुहोस ।<br>२⇨CF11<br>१⇨CF11<br>३⇨CF11<br>४⇨CF11 |
| CF10. | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा हिंडन कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिंड्न सक्दैनन् | |

| | | | |
|---|---|---|---|
| क्षेत्र (Domain) | सूक्ष्म कार्य सिपसम्बन्धी | यस क्षेत्रको उद्देश्य बालबालिकाको सुक्ष्म मांसपेशीको सञ्चालनमा हुनुपर्ने समन्वयमा देखापर्ने कठिनाइहरू पहिचान गर्नु हो । जस्तै, पेन्सिल उठाउने र समाउने, भुइमा झरेका गेडागुडी टिप्ने, कैंची चलाउने आदि । | |
| CF11. | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा स-साना चिजहरू हातले उठाउन कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिंड्न सक्दैनन् | |

| | | | |
|---|---|---|---|
| क्षेत्र (Domain) | सञ्चार र बोधसम्बन्धी | यस क्षेत्रको उद्देश्य बालबालिकाहरूको समुदाय, घर र विद्यालयमा अरूसँग सूचना र विचार आदानप्रदान गर्नमा हुने कठिनाइको पहिचान गर्नु हो । यसमा बालबालिकहरूको दोहोरो संचार गर्न सक्ने वा नसक्ने र सूचना लिन र दिनमा हुने कठिनाइ पहिचान गरिन्छ । | |
| CF12. | के (नाम) लाई तपाईंले भनेको कुरा बुझ्न कठिनाइ छ ? *(नोटः व्यक्तिको घरपरिवारमा बोल्ने र बुझ्ने भाषामा संचार गर्दा पनि बुझ्नमा हुने कठिनाइ भन्ने बुझ्नुपर्छ ।)* | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सक्दैनन् | |
| CF13. | के (नाम) ले बोलेको कुरा बुझ्नमा तपाईंलाई कठिनाइ छ ? *(नोटः बोलेको कुरा बुझ्नमा कठिनाइ भन्नाले बोली स्पष्ट नहुने, शब्द उच्चारणमा कठिनाइ, अड्किएर बोल्ने वा बोल्न नसक्ने जस्ता कठिनाइ भन्ने बुझ्नुपर्छ ।)* | | |

यो प्रश्नावली वासिङ्टन समूह/युनिसेफद्वारा सन् २०२२ मा तयार गरिएको मोड्युलको नेपाली अनुवाद हो ।

| | | | |
|---|---|---|---|
| क्षेत्र (Domain) | सिकाइसम्बन्धी | यस क्षेत्रले बालबालिकामा भएका संज्ञानात्मक कठिनाइका कारणले सिकाइमा हुने कठिनाइ पहिचान गर्दछ । बालबालिकाले सिकेका सिपलाई विद्यालयमा हुने वा अन्य क्रियाकलाप वा खेलमा प्रयोग गर्न सक्दछन् । | |
| CF14. | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा विभिन्न कुरा सिक्नमा कठिनाइ छ ? *(नोटः नयाँ सूचना, भाषा, गणना, धारणा आदि सिक्नमा कठिनाइ भन्ने बुझ्नुपर्छ ।)* | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै ब´झ्दैनन् | |

| | | | |
|---|---|---|---|
| क्षेत्र (Domain) | खेल सम्बन्धी | यस क्षेत्रले खेल खेल्नसंग सम्बन्धित कठिनाइ पहिचान गर्दछ । दृष्टि देखि संज्ञानात्मक सम्मका सबैखाले कार्यगत सीमिततासंग जोडिने भएकोले, खेल एक व्यापक क्षेत्र हो । यो क्षेत्र बालबालिका रहने वातावरणबाट पनि प्रभावित हुन्छ । | |

यो प्रश्नावली वासिङ्टन समूह/युनिसेफद्वारा सन् २०२२ मा तयार गरिएको मोड्युलको नेपाली अनुवाद हो ।

| | | | |
|---|---|---|---|
| CF15. | के (नाम) लाई<br>उही उमेरसमूहका बालबालिकाको तुलनामा खेल्नमा कठिनाइ छ ?<br>*(नोटः खेल्नमा हुने कठिनाइ भन्नाले अरूसंग सहभागी भएर, मिलेर, नियम पालना गरेर खेल्नमा हुने कठिनाइ भनेर बुझ्नुपर्छ ।)* | १. कठिनाइ छैन<br>२. केहि कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै खेल्दैनन् | |
| क्षेत्र (Domain) | व्यवहार नियन्त्रणसम्बन्धी | यस क्षेत्रको उद्देश्य बालबालिकाको त्यस्ता व्यवहारजन्य कठिनाइ पहिचान गर्नु हो जसले उनीहरूको अरूसँग सहि तरिकाले गरिने व्यवहारहरूलाइ सीमित गर्छ । साना बालबालिकाहरूको सन्दर्भमा यसअन्तर्गत अरूलाइ लात्तिले हान्ने, टोक्ने र हिर्काउने जस्ता क्रियाकलापहरू पर्छन् । ठुला बालबालिकाको हकमा यसअन्तर्गत झुट बोल्ने, झगडा गर्ने, गिज्याउने, घरबाट टाढा भाग्ने, विद्यालय छोडेर भाग्ने, खेल्दा पालो मिच्ने लगायतका व्यवहारहरू पर्दछन् । | |
| CF16. | के (नाम) ले<br>उही उमेरसमूहका बालबालिकाको तुलनामा अन्य बालबालिका वा व्यक्तिलाई कत्तिको पिट्ने, टोक्ने, चिमोट्ने गर्छन् ? | १. कत्ति पनि गर्दैनन्<br>२. अरूले जत्तिकै वा कम गर्छन्<br>३. धेरै गर्छन्<br>४. एकदम धेरै गर्छन् | |

# सन्दर्भ सामग्री


नेपाल विपद् प्रतिवेदन, २०१५ गृह मन्त्रालय, पृष्ठ १८

नेपाल राष्ट्रिय भवन संहियता २०१५, पृष्ठ २१.

नेपालको संविधान २०७२,

विपद् जोखिम न्यूनीकरणकालागि सेण्डाई कार्य ढाँचा (२०१५-२०३०)

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति २००९

विपद् जोखिम न्यूनीकरण र ब्यवस्थापन ऐन २०७४

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५,

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०)

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

बाल संरक्षण ऐन, २०४८,

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी नियमावली, २०७७

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९

अपाङ्गता भएका व्यक्तिलाई हवाई यात्रामा छुट वा सहुलियत सम्बन्धि कार्यविधि, २०६३

अपाङ्गता भएका व्यक्तिको आवासीय पुनस्थापना केन्द्र संचालन कार्यविधि, २०७९

अपाङ्गता सम्बन्धी सुचना तथा सहयोगी कक्ष संचालन सम्बन्धी कार्यविधि २०७१

अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५

अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत उपलब्ध गराउने अनुदान सम्बन्धी नमुना कार्यविधि २०७५

अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७

अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन कार्यविधि, २०७८

विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय नीति, २०७५

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६

राष्ट्रिय स्वास्थ्य नीति -२०७६

विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति (२०१८-२०३०)

विपद जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६

स्वास्थ्य सेवाको पहुँच बाहिर परेकाहरूलाई समेट्ने राष्ट्रिय रणनीति २०७३-२०८८

राष्ट्रिय अनुकूलन योजना, (२०२१-२०५०)
राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५
दिगो विकासको लक्ष्य (२०१६-२०३०),
अपाङ्गता व्यवस्थापन (रोकथाम, उपचार तथा पुनर्स्थापना) नीति, रणनीति तथा १० वर्षे कार्ययोजना-२०७३-२०८२
अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रम संचालन निर्देशिका, २०६८
अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका २०६९
प्रदेशस्तरमा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक सम्बन्धी सशर्त अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन -२०७७
अपाङ्गता समावेशी स्वास्थ्य सेवाका लागि राष्ट्रिय निर्देशिका २०७६

https://www.opmcm.gov.p/wpcontent/uploads/npolicy/Women/apanga-ta_rastriyaniti_2063.pdf
https://nfdn.org.np/wp-content/uploads/2019/10/easy-crpd-incheon.pdf

USAID
अमेरिकी जनताबाट